# आर्थिक सर्वेक्षण २०७९

## ( Economic Survey 2023)




## सूर्योदय नगरपालिका

### नगरपालिकाको कार्यालय

### फिक्कल, इलाम जिल्ला

### कोशी प्रदेश, नेपाल

# प्राक्कथन

# मन्तब्य

# विषय सूची

**१. समग्र आर्थिक स्थिति ........ १**
अन्तर्राष्ट्रिय आर्थिक स्थिति ........ १
नेपालको आर्थिक स्थिति ........ १
आर्थिक वृद्धि ........ १
मूल्य स्थिति ........ २
उपभोग ........ २
बचत ........ २
लगानी ........ २
प्रतिव्यक्ति आय ........ ३
सार्वजनिक वित्त ........ ३
**२. स्थानीय वित्त ........ ४**
स्थानीय आय ........ ४
राजस्व बाँडफाँट ........ ८
रोयल्टी बाँडफाँट ........ ९
नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण ........ १०
प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण ........ ११
स्थानीय खर्च ........ १३
**३. आर्थिक विकास ........ १७**
कृषि ........ १७
सिंचाई ........ १८
बैक तथा वित्तीय संस्था ........ १८
उद्योग ........ १९
पशुपालन ........ १९
सीप विकास ........ २०
श्रम तथा रोजगारी ........ २०
व्यवसाय दर्ता ........ २१
वाणिज्य तथा बजार अनुगमन ........ २१
बजार केन्द्र ........ २१
पर्यटन ........ २१
स्थानीय आर्थिक विकासको सूचकहरूको लेखाजोखा ........ २२
उत्पादनमूलक सहकारी ........ २३
आर्थिक क्षेत्रका चुनौतीहरू ........ २३
**४. सामाजिक विकास ........ २५**
स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभूत सूचक ........ २५
स्वास्थ्य सेवा केन्द्र ........ २५

स्वास्थ्य बीमा ........ २६
खानेपानी ........ २६
सरसफाई ........ २६
युवा तथा खेलकुद ........ २७
महिला, बालबालिका र जेष्ठ नागरिक ........ २८
व्यक्तिगत घटना दर्ता ........ २९
सामाजिक सुरक्षा ........ २९
बालमैत्री स्थानीय शासन ........ २९
टोल विकास संस्थाको विवरण ........ ३०
शिक्षा ........ ३०
समस्या र चुनौती ........ ३१
**५. पूर्वाधार विकास ........ ३२**
सडक तथा यातायात ........ ३२
भवन, आवास तथा बस्ती विकास ........ ३२
विद्युत तथा वैकल्पिक ऊर्जा ........ ३३
सूचना तथा सञ्चार प्रविधि ........ ३३
समस्या र चुनौती ........ ३४
**६. वातावरण तथा विपद् व्यवस्थापन ........ ३५**
वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ३५
वातावरणमैत्री स्थानीय शासन ........ ३५
विपद् व्यवस्थापन ........ ३५
हरियाली  तथा जैविक विविधता संरक्षण ........ ३६
अग्नि नियन्त्रण ........ ३६
समस्या र चुनौती ........ ३७
**७. सुशासन तथा संस्थागत विकास ........ ३८**
वडा कार्यालय ........ ३८
स्थानीय तहको जनशक्ति विवरण ........ ३८
स्थानीय तहको संस्थागत स्वमूल्याङ्कन नतिजा ........ ३९
वित्तीय सुशासन ........ ३९
सामाजिक परीक्षण, जाँचपास र फरफारक ........ ३९
स्थानीय ऐन तथा कानूनहरूको विवरण ........ ४०
स्थानीय प्रकाशनको विवरण ........ ४०
**७.अनुसूचीहरू ........ ४१**

# तालिका सूची

# छोटकरी रुप

# कार्यकारी सारांश

# १. समग्र आर्थिक स्थिति

## अन्तर्राष्ट्रिय आर्थिक स्थिति

१.१ अन्तराष्ट्रिय मुद्रा कोषको प्रतिवेदन World Economic Outlooks 2023, January अनुसार विश्वव्यापी आर्थिक वृद्धिदर घटेर सन् २०२२ को ३.४ बाट सन् २०२३ मा २.९ मा पुग्ने प्रक्षेपण गरेको छ। मुद्रास्फिति विरुद्धको विश्वव्यापी लडाई, रसिया तथा युक्रेनबीचको युद्ध र चीनमा कोभिड १९ को महामारीका कारण सृजित आर्थिक सिथिलता कायमै रहने देखाएको छ। यस प्रतिवेदनले एसियाली देशको आर्थिक वृद्धिदर वृद्धि भई सन् २०२३ मा विगत वर्षको ४.३ प्रतिशत वृद्धिदरबाट ५.३ प्रतिशत पुग्ने अनुमान गरेको छ। छिमेकी देश चीनको आर्थिक वृद्धिदर सन् २०२२ का ३ प्रतिशत बाट सन् २०२३ मा ५.२ प्रतिशत र भारतको आर्थिक वृद्धिदर सन् २०२२ मा ६.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ६.१ प्रतिशत पुग्ने प्रक्षेपण गरेको छ ।

१.२ विश्व बैकको प्रतिवेदन Global Economic Prospects 2023, January ले सन् २०२३ को विश्वव्यापी आर्थिक वृद्धिदर १.७ प्रतिशत हुने अनुमान र सन् २०२४ मा २.७ प्रतिशत हुने प्रक्षेपण गरेको छ।

१.३ अन्तराष्ट्रिय मुद्रा कोषको प्रतिवेदन World Economic Outlooks 2023, January अनुसार विश्व्यापी मुद्रास्फिति दर सन् २०२२ को ८.८ प्रतिशत रहेकोमा सन् २०२३ मा ६.६ प्रतिशत पुग्ने अनुमान गरेको छ ।

१.४ विश्व बैकको प्रतिवेदन Global Economic Prospects 2023, January अनुसार सन् २०२३ को विश्वव्यापी मुद्रास्फितीको आधार रेखा पूर्वानुमान ५.२ प्रतिशत र सन् २०२४ मा ३.२ प्रतिशत रहने देखाएको छ।

१.५ अन्तराष्ट्रिय मुद्रा कोषको प्रतिवेदन World Economic Outlooks 2023, January अनुसार युक्रेन युद्धका कारण आपुर्ति प्रणालीमा आएको अवरोधका कारण विश्व व्यापार वृद्धि दर घटेर २.४ प्रतिशत हुने अनुमान गरेको छ भने सन् २०२४ मा आपुर्ति प्रणालीमा सहज भई ३.४ प्रतिशत हुने प्रक्षेपण गरेको छ।

१.६ विश्व बैकको प्रतिवेदन Global Economic Prospects 2023, January अनुसार सन् २०२२ को विश्वव्यापी व्यापार वृद्धि ४ प्रतिशत हुने अनुमान रहेको छ भने सन् २०२३ मा १.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## नेपालको आर्थिक स्थिति

१.७ राष्ट्रिय योजना आयोगको वार्षिक प्रतिवेदन २०७८/७९ अनुसार विकास प्रयासको फलस्वरुप मुलुकमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या घट्दै गएको, सूचना प्रविधिको विकास एवं विस्तार भएको, सडक, सिंचाई जस्ता पूर्वाधार विकास एवं विस्तार भएको, आर्थिक सामाजिक परिसूचकहरूमा उल्लेख्य सुधार भएको, साधन र स्रोतको बाँडफाँट तुलनात्मक रुपमा न्यायोचित हुदै गएको र सेवा प्रवाहमा नागरिकको पहुँच बढ्दै गएको देखिन्छ।

## आर्थिक वृद्धि

१.८ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आर्थिक वर्ष (आ.व.) २०७८/७९ को आर्थिक वृद्धिदर ५.८४ प्रतिशत विस्तार हुने अनुमान गरेको छ।

१.९ विश्व बैकको प्रतिवेदन Global Economic Prospects 2023, January ले नेपालको आर्थिक वर्ष २०२१/२२ को कुल ग्राहस्थ उत्पादनको अनुमानित वृद्धिदर ५.८ प्रतिशत, आर्थिक वर्ष २०२२/२३ को प्रक्षेपित आर्थिक वृद्धिदर ५.१ प्रतिशत र आर्थिक वर्ष २०२३/२४ को प्रक्षेपित आर्थिक वृद्धिदर ४.९ प्रतिशत रहने अनुमान गरेको छ।

१.१० अन्तराष्ट्रिय मुद्राकोषको सन् २०२२ को अक्टुवरमा प्रकाशित प्रतिवेदनले नेपालको सन् २०२२ को आर्थिक वृद्धिदर ४.२ प्रतिशत रहने अनुमानसहित सन् २०२३ मा ६.१ प्रतिशत रहने प्रक्षेपण गरेको छ।

## मूल्य स्थिति

१.११ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार कोभिड-१९ नियन्त्रण हुँदै जाँदा समष्टिगत मागमा भएको वृद्धिले मुद्रास्फीतिमा चाप परेकोमा रुस युक्रेन युद्धको कारण अन्तर्राष्ट्रिय आपूर्ति श्रृङ्खलामा सिर्जित अवरोधले मुद्रास्फीति मुख्य चुनौतिको रुपमा रहेका कारण आ.व. २०७७/७८ को औषत उपभोक्ता मुद्रास्फीति ३.५ प्रतिशत रहेकोमा आ.व. २०७८/७९ मा ५.४ पुगेको छ।

१.१२ अन्तराष्ट्रिय मुद्राकोषको सन् २०२२ को अक्टुवरमा प्रकाशित प्रतिवेदनले नेपालको मुद्रास्फीति सन् २०२२ मा ८.१ प्रतिशत रहने अनुमान र सन् २०२३ मा ७.२ प्रतिशत रहने प्रक्षेपण समेत गरेको छ।

१.१३ आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिको अर्धवार्षिक समीक्षाअनुसार २०७९ पुस मसान्तमा वार्षिक विन्दुगत मुद्रास्फीति ७.२६ प्रतिशत रहेको छ। २०७८ पुस मसान्तमा यस्तो मुद्रास्फीति ५.६५ प्रतिशत रहेको थियो।

१.१४ आर्थिक वर्ष २०७९ २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदन अनुसार २०७९ पुष महिनामा उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित वार्षिक विन्दुगत मुद्रास्फीति ७.३ प्रतिशत रहेको छ।

## उपभोग

१.१५ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आ.व. २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनमा उपाभोगको अंश ९२.३ प्रतिशत रहेकोमा आ.व. २०७८/७९ मा केही कमी आई ९०.७ प्रतिशत रहको अनुमान गरिएको छ। पछिल्लो दशकको उपयोग र कुल गार्हस्थ्य उत्पादनको औषत अनुपात ९०.५ प्रतिशत रहेको छ भने आ.व. २०७७/७८ मा ७.७ प्रतिशतले बढेकामा आ.व. २०७८/७९ मा आइपुग्दा ११.५ प्रतिशतले बढेको छ।

## बचत

१.१६ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आ.व. २०७७/७८ मा कुल गार्हस्थ्य उत्पादनसँग कुल गार्हस्थ्य बचतको अनुपात ७.७ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा सो अनुपातमा १.६ प्रतिशत विन्दुले वृद्धि भई ९.३ प्रतिशत हुने अनुमान रहेको छ।

## लगानी

१.१७ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आ.व. २०७६/७७ मा कुल लगानी २५.९ प्रतिशतले संकुचन भएकोमा पछिल्ला दुई वर्षमा यस्तो लगानी बढेको देखिन्छ। जसअनुसार आ.व. २०७७/७८ मा २९.३ प्रतिशतले वृद्धि भएको र २०७८/७९ मा १८.१ प्रतिशतले वृद्धि भई रु. १८ खर्व ७ अर्ब २९ करोड पुग्ने

अनुमान गरिएकोमा बजेटको मध्यावधी समीक्षामार्फत राजस्वको लक्ष्य पुरा नहुने अनुमानका साथ बजेटको आकार रु. २ खर्ब ४४ अर्बले घटाएर रु. १३ खर्ब ८५ अर्ब मात्र खर्च हुने अनुमान रहेको छ ।

**प्रतिव्यक्ति आय**

१.१७ आर्थिक सर्वेक्षण २०७८/७९ अनुसार आ.व. २०७७/७८ मा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १२४६ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो आय १०.८ प्रतिशतले बढेर १३८१ अमेरिकी डलर पुगेको देखिन्छ ।

**सार्वजनिक वित्त**

१.१८ महालेखा नियन्त्रक कार्यालयको प्रतिवेदन अनुसार २०७८ पुष मसान्तको तुलनामा २०७९ पुष मसान्तमा संघीय सरकारको कुल खर्च १३.७५ प्रतिशतले वृद्धि भई रु. ५७६ अर्ब ३५ करोड पुगेको छ । यस अवधिमा भएको कुल खर्चमा चालु खर्चको अंश ८०.२१ प्रतिशत रहेको छ । तलब तथा सामाजिक सुरक्षा खर्चमा वृद्धि र आम निर्वाचन लगायतका कारण सरकारी खर्च वृद्धि भएको देखिएको छ ।

१.१९ मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा २०७९/८० अनुसार राजस्व परिचालन २०७८ पुष मसान्तको तुलनामा २०७९ पुस मसान्तमा १५.३२ प्रतिशतले घटेको छ । राजस्व परिचालन तर्फ वि.सं. २०७८ पुषसम्ममा रु ५४२ अर्ब ५ करोड भएकोमा २०७९ पुषसम्ममा रु. ४५८ अर्ब ९९ करोड राजस्व परिचालन भएको छ । कुल खर्चमा वृद्धि तथा राजस्व परिचालनमा कमीका कारण २०७९ पुष मसान्तमा नेपाल सरकारको वित्त घाटा रु. ११७ अर्ब ३६ करोड रहन गएको छ ।

१.२० मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा २०७९/८० अनुसार सार्वजनिक ऋण औषतमा २३.९ प्रतिशतले वृद्धि भई कुल गार्हस्थ्य उत्पादनको ४१.५ प्रतिशत पुगेको छ । यस अवधिको आन्तरिक ऋण २७.३ प्रतिशतले बढेको देखिएको छ ।

१.२१ आर्थिक वर्ष २०७९/८० को बजेटको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेन अनुसार चालु खर्च तर्फ रु. १० अर्ब ९२ करोड ८४ लाख अर्थात विनियोजनको ८६.३७ प्रतिशत, पुँजीगततर्फ रु. ३ खर्ब १३ अर्ब ८५ करोड १६ लाख अर्थात विनियोजनको ८२.५ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. २ खर्ब १४ अर्ब २१ करोड ७७ लाख अर्थात विनियोजनको ९३.०५ प्रतिशत खर्च हुने अनुमान रहेको छ ।

१.२२ सोही अर्धवार्षिक मूल्याङ्कन प्रतिवेनले चालु आर्थिक वर्षमा नेपाल सरकारको स्रोतबाट (राजस्व तथा आन्तरिक ऋण) रु. १३ खर्ब ४१ अर्ब, वैदेशिक अनुदान रु. ३८ अर्ब ४५ करोड ८३ लाख र वैदेशिक ऋणतर्फ रु. १ खर्ब ७० अर्ब ५३ करोड ९४ लाख हुने संशोधित अनुमान गरेको छ ।

# २. स्थानीय वित्त

## स्थानीय आय

२.१ सूर्योदय नगरपालिकाको चालु आ.व. को चैत्र मसान्त सम्मको स्थानीय आयको यथार्थ अवस्था हेर्दा अनुमान गरिएभन्दा बढी हासिल भएको देखिन्छ । आ.व. २०७९/०८० का लागि अनुमान गरिएको स्थानीय आय कुल रु. २ करोड ६२ लाख ६० हजार ५ सय २६ रहेकोमा चैत्र मसान्त सम्ममा कुल रु. ३ करोड ३१ लाख ४ हजार ७ सय ३१ अथवा २६ प्रतिशतले उच्च परिमाणमा असुली भएको छ । यस सम्बन्धी विस्तृत विवरण तालिका नं. २ (क) मा प्रस्तुत गरिएको छ ।

**तालिका २ (क) : चालु आ.व. को चैत्र मसान्त सम्मको स्थानीय आयको अवस्था**

| आय शीर्षक | आ.व. २०७९/०८० को आय रकम (रु.) | |
|---|---|---|
| | अनुमान | यथार्थ (चैत्र मसान्त सम्म) |
| सम्पत्ति कर | ११२१७८७.२५ | १२६०८५१.७५ |
| भूमिकर/मालपोत | ९१८२८९५.२९ | १०४४६६५१ |
| घरवहाल कर | ६९२९०१.५१ | ७९६९६१.६१ |
| वहाल विटौरी कर | १३५२९० | १३८८९० |
| सवारी साधन कर (साना सवारी) | १५९६०० | १६२६०० |
| पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ५८०३५० | ६४३३५० |
| अन्य मनोरञ्जन कर | २५ | २५ |
| कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | २०९१९४३.८ | २४०२५५८.८ |
| अन्य कर | १६०६ | १६०६ |
| अन्य संस्थागत आन्तरिक अनुदान | ० | २४८९०२२ |
| अन्य व्यक्तिगत आन्तरिक अनुदान | ४३८०००० | ५४३६९२५ |
| सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५७३४८० | ५७३४८० |
| अन्य बिक्रीबाट प्राप्त रकम | ३८००० | ३८००० |
| अन्य सेवा शुल्क तथा बिक्री | ९२०३१५ | ११८१२११ |
| न्यायिक दस्तूर | १७७०० | २२३०० |
| परीक्षा शुल्क | ५६३०० | ११३१५० |
| अन्य प्रशासनिक सेवा शुल्क | १४०१७५ | १४०१७५ |
| नक्सापास दस्तुर | ८९१२३०.३६ | १०८६१९९.८ |
| सिफारिश दस्तुर | १४००९७७ | १६७०९२७ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | २७४१०० | ३२१४०० |
| नाता प्रमाणित दस्तुर | १११४०० | १४२००० |
| अन्य दस्तुर | ९९७२५ | १३३१२५ |
| व्यवसाय रजिष्ट्रेशन दस्तुर | २६९९४८५ | २९७३०२० |
| प्रशासनिक दण्ड, जरिवाना र जफत | ८००० | ३३००० |
| अन्य राजस्व | ६८३२४० | ८९७३०२ |
| **जम्मा** | **२६२६०५२६.२१** | **३३१०४७३०.९६** |

२.२ आ.व. २०७४/७५ देखि चालु आ.व. सम्मको स्थानीय आयको रकम हेर्दा आ.व. २०७४/७५ मा रु. २ करोड २३ लाख २८ हजार रहेको मा गत आ.व. को यथार्थ रु. ९ करोड ९० लाख ६४ हजार पुगेको छ । चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. ३ करोड ४७ लाख २४ हजार रहेको छ । आ.व. २०७४/७५ देखि चालु आ.व. को चैत्र मसान्त सम्मको आन्तरिक आयको विवरणलाई तालिका नं. २ (ख) मा प्रस्तुत गरिएको छ ।

तालिका २ (ख) : स्थानीय आन्तरिक आयको अवस्था

| | आ. व. २०७४/७५ | आ. व. २०७५/७६ | आ. व. २०७६/७७ | आ. व. २०७७/७८ | आ. व. २०७८/७९ | आ. व. २०७९/८०(फागुन मसान्त सम्मको ) |
|---|---|---|---|---|---|---|
| स्थानीय आन्तरिक आय | २२३२८६६७ | ३७७१२६०० | ५८५८८१५५ | ५८४७७१३१ | ९९०६४३४४ | ३४७२४६२३ |

उपरोक्त तालिकाका आधारमा आ.व. २०७४/७५ देखि चालु आ.व. को चैत्र मसान्त सम्मको आन्तरिक आयको विवरणलाई चार्ट २ (क) मा प्रस्तुत गरिएको छ।

चार्ट २ (क) : स्थानीय आन्तरिक आयको अवस्था




२.३ गत आ.व. २०७८/०७९ मा सम्पत्ति कर अन्तरगत कुल रु. ११ लाख २१ हजार ७ सय ८७ संकलन हुने अनुमान गरिएकोमा कुल रु. १८ लाख १४ हजार २ सय ७ असुली भएको थियो। चालु आ.व. मा कुल रु. ११ लाख २१ हजार ७ सय ८७ संकलन हुने अनुमान गरेकोमा पहिलो दश महिनाको चैत्र मसान्त सम्ममा जम्मा रु. १२ लाख ६० हजार ८ सय ५२ असुली भएको देखिन्छ। यस अवधिमा असुल भएको कर अनुमान गरिएभन्दा रु. १ लाख ३९ हजार ६४ अथवा १२ प्रतिशतले उच्च रहेको छ।

२.४ व्यवसाय कर अन्तरगत आ.व. २०७८/०७९ मा जम्मा रु. ४ लाख ७४ हजार ६० असुल भएको देखिन्छ। चालु आ. व. को चैत्र मसान्तसम्म यस शीर्षक अन्तरगत कुनै पनि परिमाणमा असुल हुन सकेको देखिदैन। तथापि, व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा गत आ.व. मा रु. ८५ लाख असुल हुने अनुमान गरिएकोमा रु. २७ लाख ७२ हजार ५६४ मात्र अथवा अनुमानित करको कुल रकमको ३३ प्रतिशत मात्र असुल भएको देखिन्छ। चालु आ.व. को चैत्र मसान्त सम्ममा असुल हुने अनुमान गरिएको करको कुल रकमको १० प्रतिशतले उच्च परिमाणमा संकलन भएको छ। जस अनुसार चालु आ.व. मा रु. २६ लाख ९९ हजार ४ सय ८५ रुपैंया करको रकम अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा सो भन्दा अधिक कुल रु. २९ लाख ७३ हजार २० असुल भएको देखिन्छ।

२.५ घर बहाल कर शीर्षकमा गत आ.व. मा असुल हुने अनुमान गरिएको कुल परिमाण रु. १२ लाख रहेकोमा कुल रु. २० लाख ४४ हजार ९ सय ४२ अथवा ७० प्रतिशतले उच्च कर संकलन भएको थियो। चालु

आ.व. मा अपेक्षित कर संकलनको परिमाण रु. ६ लाख ९२ हजार ९ सय रहेकोमा चैत्र मसान्त सम्मको अवधिमा रु. ७ लाख ९६ हजार १ सय ६१ कर संकलन भएको देखिन्छ। उक्त संकलन गत आ.व. को यस कर शीर्षक अन्तरगत संकलित करको कुल परिमाण भन्दा ६१ प्रतिशतले न्यून रहेको देखिन्छ।

२.६ साना सवारी साधन कर शीर्षक अन्तरगत सूर्योदय नगरपालिकाले गत आ.व. मा कुल रु. १ लाख असुल हुने अनुमान गरेकोमा रु. २ लाख ६० हजार ५ सय अथवा १६० प्रतिशतले उच्च परिमाणमा कर असुल भएको देखिन्छ। चालु आ.व. मा चैत्र मसान्त सम्मको अवस्था हेर्दा यस शीर्षकमा असुल हुने अनुमान गरिएको कुल करको रकम रु. १ लाख ५९ हजार ६ सय रहेकोमा कुल लक्ष्यभन्दा २ प्रतिशतले उच्च अथवा १ लाख ६२ हजार ६ सय असुल भएको छ।

२.७ मालपोत अथवा भूमिकर अन्तरगत गत आ.व. मा १ करोड ४० लाख असुल हुने अनुमान रहेको भएता पनि अनुमानित करको २२ प्रतिशतले अधिक रु. १ करोड ७१ लाख ६२ हजार ९ सय ६४ कर असुली भएको देखिन्छ। चालु आ. व. को चैत्र मसान्त सम्ममा यस कर अन्तरगत अनुमानित करको कुल रकम मध्ये १३ प्रतिशतले उच्च कर असुल भएको छ। जस अनुसार अनुमान गरिएको कुल रु. ९१ लाख ८२ हजार ८ सय ९५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु १ करोड ४ लाख ४६ हजार ६ सय ५१ रुपैंया कर असुली भएको छ।

२.८ पूर्वाधार सेवामा लाग्ने कर शीर्षकमा यस नगरपालिकाले गत आ.व. मा असुल हुने अनुमान गरेको कुल रकम रु. २० लाख रहेकोमा रु. ४५ लाख ३५ हजार ५ सय ७० कर संकलन भएको देखिन्छ। उक्त रकम लक्षित करको कुल रकमभन्दा १२७ प्रतिशतले उच्च रहेको छ। यस आ.व.को असुल हुने अनुमान गरिएको कुल करको रकम रु. ५ लाख ८० हजार ३ सय ५० रहेकोमा चैत्र मसान्त सम्ममा कुल रु. ६ लाख ४३ हजार ३ सय ५० असुल भएको छ। जस अनुसार चालु आ.व को पहिलो १० महिनामा असुल हुने अनुमान गरिएको करको कुल रकमभन्दा ११ प्रतिशतले उच्च परिमाणमा संकलन गरिएको छ।

२.९ कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर शीर्षकमा यस नगरपालिकाले गत आ.व. मा रु. ६ लाख संकलन हुने अनुमान गरेकोमा रु. ६५ लाख ९० हजार ३ सय १२ अथवा ९९८ प्रतिशतले उच्च परिमाणमा संकलन भएको थियो। चालु आ.व. मा कुल रु. २० लाख ९१ हजार ९ सय ४३ कर संकलन हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा कुल रु. २४ लाख २ हजार ५ सय ५८ अथवा करिव १५ प्रतिशतले उच्च कर असुल भइसकेको देखिन्छ।

२.१० बहाल विटौरी करको संकलनको अवस्था हेर्दा गत आर्थिक वर्षको कर असुलीको तुलनामा यस वर्षको चैत्र मसान्त सम्ममा २ प्रतिशत मात्र संकलन भएको देखिन्छ। गत आ.व. मा यस शीर्षक अन्तरगत रु. १ करोड ५० लाख असुल हुने अनुमान गरिएकोमा रु. ६३ लाख ५४ हजार ९ सय ११ मात्र संकलन भएको थियो। चालु आ.व. मा संकलन हुने अनुमान गरिएको कुल रकम रु. १ लाख ३५ हजार २ सय ९० रहेकोमा चैत्र मसान्त सम्ममा करिव ३ प्रतिशतले उच्च रु. १ लाख ३८ हजार ८ सय ९० संकलन भएको छ।

२.११ सरकारी सम्पत्तिको बहालबाट प्राप्त कर शीर्षक अन्तरगत गत आ.व. मा कुल रु. ३ लाख ५० हजार कर संकलन हुने अनुमान गरिएकोमा सो परिमाणको ८९ प्रतिशत मात्र संकलन भएको थियो। चालु आ.व.

मा संकलन हुने अनुमान गरिएको कर रु. ५ लाख ७३ हजार ४ सय ८० रहेकोमा चैत्र मसान्त सम्ममा सो बरावर असुल भइसकेको देखिन्छ ।

२.१२ नक्शा पास दस्तुर अन्तरगत गत आ.व. मा रु. १५ लाख असुली हुने अनुमान गरिएकोमा रु. १६ लाख ८९ हजार ५ सय ८९ अथवा १३ प्रतिशतले अधिक दस्तुर संकलन भएको छ । चालु आ.व. मा रु. ८ लाख ९१ हजार २ सय ३० दस्तर संकलन हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा कुल १० लाख ८६ हजार २ सय असुल भएको देखिन्छ । असुल भएको दस्तुर रकम अनुमान गरिएभन्दा २३ प्रतिशतले उच्च रहेको छ ।

२.१३ न्यायीक दस्तुर शीर्षकमा गत आ.व. मा अनुमान गरिएको कुल रकम रु. १ लाख रहेकोमा करिव ७५ प्रतिशतले न्यून रु. २५ हजार ५ सय १० दस्तुर हासिल गरेको थियो । चालु आ.व. मा असुल हुने अनुमान गरिएको कुल दस्तुरको रकम रु. १७ हजार ७ सय रहेकोमा चैत्र मसान्त सम्ममा कुल रकम रु. २२ हजार ३ सय अथवा करिव २६ प्रतिशतले उच्च दस्तुर संकलन गरिसकेको देखिन्छ ।

२.१४ सिफारिस दस्तुर शीर्षकमा गत आ.व. मा असुल हुने अनुमान गरिएको रु. ४० लाख दस्तुर रकम मध्ये रु. ४० लाख १७ हजार ८ सय ६३ असुल भएको थियो । चालु आ.व. मा यस शीर्षकमा असुल हुने अनुमान गरिएको कुल रकम रु. १४ लाख ९ सय ७७ रहेकोमा पहिलो दश महिनामा करिव १९ प्रतिशतले उच्च परिमाणमा अथवा रु. १६ लाख ७० हजार ९ सय २७ संकलन भइसकेको छ ।

२.१५ व्यक्तिगत घटना दर्ता दस्तुर शीर्षकमा गत आ.व. मा कुल रु. ८ लाख ३ हजार २ सय संकलन गरेको थियो । चालु आ.व. मा असुल हुने अनुमान गरिएको कुल दस्तुरको रकम २ लाख ७४ हजार १ सय रहेकोमा चैत्र मसान्त सम्ममा अनुमानित रकमको १७ प्रतिशतले उच्च रु. ३ लाख २१ हजार ४ सय दस्तुर संकलन गरिसकेको छ ।

२.१६ नाता प्रमाणित दस्तुर अन्तरगत गत आ.व. मा अनुमानित रकम रु. २ लाख ५० हजार भन्दा ४५ प्रतिशतले अधिक अथवा रु. २ लाख ४६ हजार ६ सय दस्तुर संकलन भएको देखिन्छ । चालु आ.व. को चैत्र मसान्त सम्ममा अनुमान गरिएको रु. १ लाख ११ हजार ४ सय भन्दा करिव २७ प्रतिशतले उच्च रु. १ लाख ४२ हजार दस्तुरको रकम संकलन भएको छ ।

२.१७ अन्य दस्तुर शीर्षकमा गत आ.व. मा रकम संकलन भएको देखिदैन । चालु आ.व. मा यस शीर्षक अन्तरगत रु. ९९ हजार ७ सय २५ रकम संकलन हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा रु. १ लाख ३३ हजार १ सय २५ संकलन भएको छ । उपरोक्त परिमाणको रकम अनुमानित रकमभन्दा करिब ३३ प्रतिशतले उच्च रहेको छ ।

२.१८ परीक्षा शुल्क शीर्षकमा गत आ.व. मा असुल हुने अनुमान गरिएको रु. १ लाख दस्तुर रकम रहेकोमा यर्थाथ शुल्क संकलन रु. ३ लाख ५८ हजार ७ सय असुल भएको थियो । चालु आ.व. मा यस शीर्षकमा असुल हुने अनुमान गरिएको कुल रकम रु. ५६ हजार ३ सय ७७ रहेकोमा चैत्र मसान्त सम्ममा १०१ प्रतिशतले उच्च अथवा रु. १ लाख १३ हजार १ सय ५० संकलन भइसकेको देखिन्छ ।

२.१९ अन्य प्रशासनिक सेवा शुल्क शीर्षक अन्तरगत यस नगरपालिकाले गत आ.व. मा अनुमान गरिएको कुल रकम रु. १ लाख रहेकोमा रु. ४ लाख ६० हजार ८० असुल भएको थियो । चालु आ.व. मा रु. १ लाख

४० हजार १ सय ७५ रकम असुल हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा सोही परिमाणको रकम संकलन गरिसकेको देखिन्छ ।

२.२० अन्य सेवा शुल्क तथा विक्रि शीर्षक अन्तरगत गत आ.व. मा संकलन हुने अनुमान गरिएको कुल रकम रु. ४० लाख रहेकोमा रु. ४१ लाख २ हजार ८ सय ३० संकलन भएको देखिन्छ । चालु आ.व. मा संकलन हुने अनुमान गरिएको रु. ९ लाख २० हजार ३ सय १५ रहेकोमा चैत्र मसान्त सम्ममा रु. ११ लाख ८१ हजार २ सय ११ अथवा २८ प्रतिशतले उच्च परिमाणमा संकलन भएको छ ।

२.२१ प्रशासनिक दण्ड जरिवाना र जफत शीर्षकमा गत आ.व. मा रु. ६८ हजार ३ सय शुल्क संकलन भएको देखिन्छ । चालु आ.व. मा यस शीर्षकमा असुल हुने अनुमान गरिएको कुल रकम रु. ८ हजार रहेकोमा चैत्र मसान्त सम्ममा रु. ३३ हजार संकलन भइसकेको छ ।

२.२२ अन्य विक्रिबाट प्राप्त रकममा गत आ.व. मा रु. ४ लाख असुल हुने अनुमान गरिएको मा करिव ३५ प्रतिशतले न्यून रु. २ लाख ९० हजार रकम संकलन भएको देखिन्छ । चालु आ.व. मा यस शीर्षकमा असुल हुने अनुमान गरिएको कुल रकम रु. ३८ हजार रहेकोमा चैत्र मसान्त सम्ममा सो बराबरको रकम संकलन भइसकेको छ ।

२.२३ अन्य राजस्व शीर्षक अन्तरगत गत आ.व. मा कुल रकम रु. ३ करोड ९ लाख ९१ हजार ९ हजार २६ संकलन भएको थियो । चालु आ.व. मा संकलन हुने अनुमान गरिएका रु. ६ लाख ८३ हजार २ सय ४० रहेकोमा चैत्र मसान्त सम्ममा रु. ८ लाख ९७ हजार ३ सय २ अथवा ३१ प्रतिशतले उच्च परिमाणमा संकलन भएको छ ।

२.२४ सूर्योदय नगरपालिकाको स्थानीय आय व्यवस्थापनमा करको दर तथा दायरा विस्तार, कर असुलीमा देखिने अनिश्चितता तथा उताडचडाब, करको वैज्ञानिक प्रक्षेपण, करदाता पहिचान, विपद् तथा महामारी र बाह्य आर्थिक प्रवृत्ति चुनौतीका रुपमा रहेका छन् ।

## राजस्व बाँडफाँट

२.२५ राजस्व बाँडफाँट शीर्षक अन्तरगत गत आ.व. मा रु. १४ करोड ८३ लाख ३६ हजार ६ सय ७० हासिल हुने अनुमान गरिएकोमा कुल रु. १५ करोड ६६ लाख ८५ हजार ९ सय ६९ अथवा ६ प्रतिशतले उच्च परिमाण प्राप्त भएको थियो । चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १७ करोड ९६ लाख १८ हजार रहेकोमा चैत्र मसान्त सम्ममा रु. ८ करोड १४ लाख ३६ हजार ६ सय ९६ अथवा करिव ४५ प्रतिशत मात्र हासिल भएको देखिन्छ । यस सम्बन्धी विवरणलाई देहायको तालिका नं. २ (ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका २ (ख) : राजस्व बाँडफाँटबाट प्राप्त आयको अवस्था**

| शीर्षक | आ.व. २०७८/०७९ मा प्राप्त आय रकम | | आ.व. २०७९/०८० मा प्राप्त आय रकम | |
|---|---|---|---|---|
| | अनुमान (रु.) | यथार्थ (रु.) | अनुमान (रु.) | यथार्थ (चैत्र मसान्त सम्म) (रु.) |
| घरजग्गा रजिष्टेशन दस्तुर | १५००००00 | १५४५००७२ | १८१५०००० | ५१९५२०२ |
| मूल्य अभिवृद्धि कर | ५४९५६५०० | ८२९२१३१२ | १३३१४६००० | ४९९९७४६५ |
| अन्त:शुल्क | ५४९५६५०० | ३७१२५१४६ | ० | १४९८९१३८ |
| सवारी साधन कर | २३२७३६७० | २१११६८३८ | २८१६१००० | ११२५४८९१ |
| मनोरञ्जन कर | ५०००० | ० | ६१००० | ० |

| शीर्षक | आ.व. २०७८/०७९ मा प्राप्त आय रकम | | आ.व. २०७९/०८० मा प्राप्त आय रकम | |
|---|---|---|---|---|
| | अनुमान (रु.) | यथार्थ (रु.) | अनुमान (रु.) | यथार्थ (चैत्र मसान्त सम्म) (रु.) |
| विज्ञापन कर | १००००० | ७२६०० | १००००० | ० |
| **जम्मा** | **१४८३३६६७०** | **१५६६८५९६९** | **१७९६१८०००** | **८१४३६६९६** |

२.२६ यस नगरपालिकामा राजस्व बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर शीर्षक अन्तरगत गत आ.व. मा कुल रु. ५० हजार असुल हुने अनुमान गरिएकोमा कुनै पनि परिमाणमा प्राप्त भएको थिएन । चालु आ.व. २०७९/०८० मा जम्मा रु. ६१ हजार हासिल हुने अनुमान गरिएकोमा यस आ.व. को चैत्र मसान्त सम्ममा कुनै पनि परिमाणको रकम हासिल हुन सकेको देखिदैन ।

२.२७ विज्ञापन कर अन्तरगत गत आ.व. मा रु. १ लाख असुल हुने अनुमान गरिएकोमा अनुमान गरिएभन्दा २७.४ प्रतिशत न्यून कर अथवा जम्मा रु. ७२ हजार ६ सय मात्र हासिल भएको देखिन्छ । चालु आ.व. मा पनि यस कर शीर्षक अन्तरगत रु. १ लाख असुल हुने अनुमान गरिएकोमा चैत्र मसान्त सम्ममा कुनै पनि परिमाणमा प्राप्त हुन सकेको छैन ।

२.२८ राजस्व बाँडफाँटबाट प्राप्त हुने अन्तः शुल्क शीर्षक अन्तरगत गत आ.व. मा कुल रु. ५ करोड ४९ लाख, ५६ हजार ५ सय हासिल हुने अनुमान गरिएकोमा रु. ३ करोड ७१ लाख २५ हजार १ सय ४६ अथवा ६७ प्रतिशत परिमाणको रकम राजस्व बाँडफाँटबाट प्राप्त भएको थियो । चालु आ.व. २०७९/०८० को चैत्र मसान्त सम्ममा यस शीर्षकमा रु. १ करोड ४९ लाख ८९ हजार १ सय ३८ बराबरको रकम प्राप्त भएको देखिन्छ ।

२.२९ मूल्य अभिवृद्धि कर अन्तरगत राजस्व बाँडफाँटबाट गत आ.व. मा कुल रु. ५ करोड ४९ लाख ५६ हजार ५ सय हासिल हुने अनुमान गरिएकोमा अनुमान गरिएभन्दा ५१ प्रतिशतले उच्च परिमाणमा रु. ८ करोड २९ लाख २१ हजार ३ सय ११ प्राप्त भएको देखिन्छ । चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १३ करोड ३१ लाख ४६ हजार रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ३८ प्रतिशत अथवा रु. ४ करोड ९९ लाख ९७ हजार ४ सय ६५ प्राप्त भएको छ ।

२.२९ राजस्व बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर अन्तरगत गत आ.व. मा अनुमानित कुल रु. २ करोड ३२ लाख ७३ हजार ६ सय ७० मध्ये ९१ प्रतिशत अथवा रु. २ करोड ११ लाख १६ हजार ८ सय ३८ प्राप्त भएको थियो । चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. २ करोड ८१ लाख ६१ हजार १ सय रकम मध्ये चैत्र मसान्त सम्ममा सो रकमको ४० प्रतिशत अथवा रु. १ करोड १२ लाख ५४ हजार ८ सय ९० प्राप्त भएको देखिन्छ ।

२.३० घरजग्गा रजिष्ट्रेसन दस्तुर शीर्षक अन्तरगत गत आ.व. मा कुल रु. १ करोड ५० लाख हासिल हुने अनुमान गरिएकोमा १७ प्रतिशतले अधिक अथवा रु. १ करोड ५४ लाख ५० हजार ७२ हासिल भएको देखिन्छ । सोही शीर्षकमा चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १ करोड १८ लाख १५ हजार मध्ये चैत्र मसान्त सम्ममा सो रकमको २९ प्रतिशत अथवा रु. ५१ लाख ९५ हजार २ सय प्राप्त भएको छ ।

## रोयल्टी बाँडफाँट

२.३१ सूर्योदय नगरपालिकाले रोयल्टी बाँडफाँट अन्तरगत वन रोयल्टी र विद्युत सम्बन्धी रोयल्टी हासिल गर्ने गरेको छ । गत आ.व. मा हासिल हुने अनुमान गरिएको रु. ७ लाख ५० हजार मध्ये कुल रु. ५ लाख ६

हजार अथवा ६७ प्रतिशत मात्र प्राप्त भएको थियो। चालु आ.व. मा प्राप्त हुने अनुमान गरिएको रु. ११ लाख ५५ हजार मध्ये चैत्र मसान्त सम्ममा रु. ७ लाख ५२ हजार ७ सय ३८ अथवा करिव ६५ प्रतिशत मात्र हासिल भएको देखिन्छ। यस सम्बन्धी विवरणलाई तालिका नं. २ (ग) मा प्रस्तुत गरिएको छ।

**तालिका २ (ग) : रोयल्टी बाँडफाँटबाट प्राप्त आयको अवस्था**

| शीर्षक | आ.व. २०७८/०७९ मा प्राप्त रकम | | आ.व. २०७९/०८० मा प्राप्त रकम | |
|---|---|---|---|---|
| | अनुमान (रु.) | यथार्थ (रु.) | अनुमान | यथार्थ (रु.) (चैत्र मसान्त सम्म) |
| वन रोयल्टी | ३५०००० | १५७९५ | २९००० | २९२०६ |
| विद्युत सम्बन्धी रोयल्टी | ४००००० | ४९०२३५ | ११२६००० | ७२३५३२ |
| **जम्मा** | **७५००००** | **५०६०३०** | **११५५०००** | **७५२७३८** |

२.३२ वन रोयल्टी शीर्षकमा अन्तरगत गत आ.व. मा कुल रु. ३ लाख ५० हजार हासिल हुने अनुमान गरिएकोमा ४.५ प्रतिशत अथवा रु. १५ हजार ७ सय ९५ मात्र हासिल भएको थियो। चालु आ.व. सो शीर्षकमा मा रु. २९ हजार हासिल हुने अनुमान गरिएको मा चैत्र मसान्त सम्ममा सो रकमको सत प्रतिशत प्राप्त भएको देखिन्छ।

२.३३ विद्युत रोयल्टी शीर्षक अन्तरगत गत आ.व. मा कुल रु. ४ लाख हासिल हुने अनुमान गरिएकोमा २२ प्रतिशतले उच्च अथवा रु. ४ लाख ९० हजार २ सय ३५ हासिल भएको थियो। चालु आ.व. मा सोही शीर्षक अन्तरगत हासिल हुने अनुमान गरिएको रकम रु. ११ लाख २६ हजार मध्ये चैत्र मसान्त सम्ममा सो रकमको ६४ प्रतिशत अथवा रु. ७ लाख २३ हजार ५ सय ३२ प्राप्त भएको देखिन्छ।

## नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण

२.३४ नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तरगत समानीकरण अनुदान, शसर्त अनुदान, विषेश अनुदान र समपुरक अनुदान शीर्षकमा हासिल गर्ने गरेको छ। गत आ.व. मा हासिल हुने अनुमान गरिएको रु. ६४ करोड ८७ लाख ६७ हजार मध्ये कुल रु. ६० करोड ४७ लाख ९५ हजार अथवा ९३ प्रतिशत मात्र हस्तान्तरण भएको थियो। चालु आ.व. मा प्राप्त हुने अनुमान गरिएको रु. ६३ करोड ४० लाख मध्ये चैत्र मसान्त सम्ममा रु. ४१ करोड ९१ लाख ६७ हजार अथवा ६६ प्रतिशत मात्र हासिल भएको देखिन्छ। यस सम्बन्धी विस्तृत विवरणलाई तालिका नं. २ (घ) मा प्रस्तुत गरिएको छ।

**तालिका २ (घ) : नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था**

| शीर्षक | आ.व. २०७८/०७९ को अनुदान रकम | | आ.व. २०७९/०८० को अनुदान रकम | |
|---|---|---|---|---|
| | अनुमान (रु.) | यथार्थ (रु.) | अनुमान (रु.) | यथार्थ (चैत्र मसान्त सम्म) (रु.) |
| समानीकरण अनुदान | १७२४००००० | १७२४००००० | १८१६००००० | १३६२००००० |
| शसर्त अनुदान चालु | ३६४५६७००० | ३२८३९५९३५ | ३७५१००००० | २४४५०३००० |
| शसर्त अनुदान पुँजीगत | ६०१००००० | ५३४२३३१५ | ४७३००००० | २३४६४००० |
| विषेश अनुदान पुँजीगत | ३११००००० | ३०७१३९१६ | १३०००००० | ६५००००० |
| समपुरक अनुदान पुँजीगत | २०६००००० | १९८६१९११ | १७०००००० | ८५००००० |
| **जम्मा** | **६४८७६७०००** | **६०४७९५०७७** | **६३४००००००** | **४१९१६७०००** |

उपरोक्त तालिकामा रहेको नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण अन्तरगतका विभिन्न शीर्षकमा हासिल भएको गत वर्ष र यस वर्षको चैत्र मसान्त सम्मको यथार्थ रकम चार्ट नं. २ (क) मा प्रस्तुत गरिएको छ।

चार्ट २ (क) : नेपाल सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था




२.३५ वित्तीय समानीकरण अनुदान अन्तरगत गत आ.व. मा अनुमान गरिए अनुसारको कुल रु. १७ करोड २४ लाख प्राप्त भएको देखिन्छ। चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १८ करोड १६ लाख रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ७५ प्रतिशत अथवा रु. १३ करोड ६२ लाख प्राप्त भएको छ।

२.३६ नेपाल सरकारबाट हस्तान्तरण हुने शसर्त अनुदान शीर्षकमा चालु तथा पुँजीगत गरी गत आ.व. मा कुल रु. ४२ करोड ४६ लाख ६७ हजार हासिल हुने अनुमान गरिएकोमा अनुमान गरिएभन्दा ११ प्रतिशतले उच्च परिमाणमा रु. ३८ करोड १८ लाख १९ हजार २ सय ५० प्राप्त भएको थियो। चालु आ.व. मा चालु तथा पुँजीगत गरी हासिल हुने अनुमान गरिएको रु. ४२ करोड २४ लाख रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ६३ प्रतिशत अथवा रु. २६ करोड ७९ लाख ६७ हजार प्राप्त भएको देखिन्छ।

२.३७ सूर्योदय नगरपालिकामा नेपाल सरकारबाट हस्तान्तरण हुने विशेष अनुदान अन्तरगत गत आ.व. मा कुल रु. ३ करोड ११ हासिल हुने अनुमान गरिएकोमा अनुमान गरिएको कुल रकमको ९९ प्रतिशत अथवा रु. ३ करोड ७ लाख १३ हजार मात्र प्राप्त भएको थियो। चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १ करोड ३० लाख रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ५० प्रतिशत अथवा रु. ६५ लाख अथवा हासिल भएको देखिन्छ।

२.३८ नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान शीर्षकमा गत आ.व. मा प्राप्त हुने अनुमान गरिएको कुल रकम रु. २ करोड ६ लाख मध्ये ८५ प्रतिशत अथवा रु. १ करोड ९८ लाख ६२ हजार मात्र प्राप्त भएको थियो। चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रकम रु. १ करोड ७० लाख मध्ये चालु आ.व. को चैत्र मसान्त सम्ममा कुल रकमको ५० प्रतिशत अथवा रु. ८५ लाख प्राप्त भएको देखिन्छ।

## प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण

२.३९ प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणमा अन्तरगत समानीकरण अनुदान, शसर्त अनुदान, र समपुरक अनुदान शीर्षकमा अनुदान प्राप्त भएको देखिन्छ। गत आ.व. मा प्रदेश सरकारबाट हासिल हुने अनुमान गरिएको रकम रु. ११ करोड २१ लाख ८ हजार मध्ये कुल रु. ७ करोड २७ लाख १६ हजार

अथवा ६४ प्रतिशत मात्र हस्तान्तरण भएको थियो । चालु आ.व. मा प्राप्त हुने अनुमान गरिएको कुल रकम रु. १० करोड ६७ लाख ५५ हजार मध्ये चैत्र मसान्त सम्ममा रु. ५ करोड ३० लाख २७ हजार अथवा ५० प्रतिशत मात्र हासिल भएको देखिन्छ । यस सम्बन्धी विस्तृत विवरणलाई तालिका नं. २ (ङ) मा प्रस्तुत गरिएको छ ।

**तालिका २ (ङ) : प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था**

| शीर्षक | आ.व. २०७८/०७९ को अनुदान रकम | | आ.व. २०७९/०८० को अनुदान रकम | |
|---|---|---|---|---|
| | अनुमान (रु.) | यथार्थ (रु.) | अनुमान (रु.) | यथार्थ (चैत्र मसान्त सम्म) (रु.) |
| समानीकरण अनुदान | १७२४०००० | १७२४०००० | १०१२४००० | ५०६२००० |
| शसर्त अनुदान चालु | ३६४५६७०० | ३२८३९५९३ | ८३५९२००० | ४१४४६००० |
| शसर्त अनुदान पुँजीगत | ६०१००००० | ५३४२३३१५ | ३०३९३३० | १५१९६६५ |
| समपुरक अनुदान चालु | १०००००० | ४४९०७५३ | ० | ० |
| समपुरक अनुदान पुँजीगत | २०६००००० | १९८६१९१० | १०००००० | ५००००० |
| **जम्मा** | **११२१०८०००** | **७२७१६०१९** | **१०६७५५३३०** | **५३०२७६६५** |

प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण अन्तरगतका विभिन्न शीर्षकमा हासिल भएको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको चैत्र मसान्त सम्मको यथार्थ रकम चार्ट नं. २ (ख) मा प्रस्तुत गरिएको छ ।

**चार्ट २ (ख) : प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको अवस्था**




२.४० वित्तीय समानीकरण अनुदान अन्तरगत गत आ.व. मा अनुमान गरिए बमोजिम रु. १७ करोड २४ लाख प्राप्त भएको देखिन्छ । चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रु. १ करोड १ लाख २४ हजार रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ५० प्रतिशत अथवा रु. ५० लाख ६२ हजार प्राप्त भएको छ ।

२.४१ नेपाल सरकारबाट हस्तान्तरण हुने शसर्त अनुदान शीर्षकमा चालु तथा पुँजीगत गरी गत आ.व. मा कुल रु. ४२ करोड ४६ लाख ६७ हजार हासिल हुने अनुमान गरिएकोमा अनुमान गरिएभन्दा ११ प्रतिशतले उच्च परिमाणमा रु. ३८ करोड १८ लाख १९ हजार २ सय ५० प्राप्त भएको थियो । चालु आ.व. मा चालु तथा पुँजीगत गरी हासिल हुने अनुमान गरिएको रु. ४२ करोड २४ लाख रकम मध्ये चैत्र मसान्त सम्ममा कुल रकमको ६३ प्रतिशत अथवा रु. २६ करोड ७९ लाख ६७ हजार प्राप्त भएको देखिन्छ ।

२.४२ नेपाल सरकारबाट प्राप्त हुने समपुरक अनुदान शीर्षकमा गत आ.व. मा प्राप्त हुने अनुमान गरिएको कुल रकम रु. २ करोड ६ लाख मध्ये ८५ प्रतिशत अथवा रु. १ करोड ९८ लाख ६२ हजार प्राप्त भएको थियो । चालु आ.व. मा हासिल हुने अनुमान गरिएको रकम रु. १ करोड ७० लाख मध्ये चालु आ.व. को चैत्र मसान्त सम्ममा कुल रकमको ५० प्रतिशत अथवा रु. ८५ लाख प्राप्त भएको देखिन्छ ।

## स्थानीय खर्च

२.४३ सूर्योदय नगरपालिकाले चालु खर्च अन्तरगत गत आ.व. मा रु. ६९ करोड ९७ लाख २१ हजार अनुमान गरिएकोमा ७४.६ प्रतिशत अथवा रु. ५२ करोड २० लाख ४९ हजार मात्र खर्च भएको थियो । चालु आ.व. मा खर्च हुने अनुमान गरिएको कुल रकम रु. ७१ करोड १४ लाख ७९ हजार मध्ये चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. ३३ करोड ३८ लाख ५ हजार अथवा ४७ प्रतिशत खर्च भएको देखिन्छ । चालु खर्च शीर्षकको गत आ.व. र चालु आ.व. को विस्तृत विवरण तालिका नं. २ (च) मा प्रस्तुत गरिएको छ ।

**तालिका २ (च) : चालु खर्चको विवरण**

| खर्च संकेत नं. | खर्च शीर्षक | गत आ.व. को खर्च रकम (रु.) | | चालु आ.व. को खर्च रकम (रु.) | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ (चैत्र मसान्त सम्म) |
| २११११ | पारिश्रमिक कर्मचारी | ३२०५४१८०० | २९५२०४०२५ | ११४६६४७०० | ७१५३४३६५ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ११५१७५०० | ९८६०५०० | १२७५६००० | ७४२५०४७ |
| २११२१ | पोशाक | ४७३०००० | ४४१२२०० | १६६०००० | ० |
| २११३१ | स्थानीय भत्ता | – | – | १२६००० | ० |
| २११३२ | महंगी भत्ता | १५००००० | १२९२००० | १५००००० | ७८२००० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १३६४००० | ११४२२६० | १४६२००० | ६८८६८५ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २८०००० | १६३६०० | १०००००० | ० |
| २११३९ | अन्य भत्ता | १०००००० | ७५९००० | ५००००० | ० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३१५६००० | २३४०३५० | २६८०००० | १००६००० |
| २१२११ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | १०००००० | ० | १०००००० | ० |
| २१२१२ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ५५०००० | ४००३०६ | ५५०००० | ० |
| २१२१३ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ३००००० | २५६००० | ६००००० | ७९६०० |
| २१२१४ | कर्मचारी कल्याण कोष | ४०००००० | ४०००००० | ४०००००० | ० |
| २२१११ | पानी तथा बिजुली | १०६३००० | ८८२५८५ | १३१५००० | ६८९१८८ |
| २२११२ | संचार महसुल | २३४६५०० | १८४९९८० | २३६०००० | ६९३५५४ |
| २२२११ | इन्धन (पदाधिकारी) | २२५३००० | २२४५०७१ | २३०३००० | ८४७२४३ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ३२९३००० | ३२८४०२१ | ५५३६००० | ३२६७४९८ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | ७१२६००० | ६०६९७१३ | ४७१८००० | २००४१२४ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ८००००० | ५८९४९७ | ४०७६००० | २५४०२७० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २४६९००० | २००५९३७ | ३०२०००० | १०८८३०१ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ८६३५००० | ३४५८८७६ | ६०६७५०० | ६२१८३४ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | ३००००० | ० | ३००००० | २६५०२१ |

| खर्च संकेत नं. | खर्च शीर्षक | गत आ.व. को खर्च रकम (रु.) | | चालु आ.व. को खर्च रकम (रु.) | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ (चैत्र मसान्त सम्म) |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | ६१८७००० | ३९३६४२९ | ४१५९००० | २८८८२८८ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | ५०००० | ० | ५०००० | ० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३४२००० | ८२७५६ | २२८९५०० | १९९८७० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २४८००० | ५४००० | २५६५०० | १९९१० |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | ४५७९००० | ४०१०४८२ | ४५८७००० | १८५५१५१ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १५५९००० | ११७७५७४ | ७३७८००० | २१२१२७६ |
| २२४११ | सेवा र परामर्श खर्च | ५०००००० | ८६७६७० | २०००००० | १३२३७९० |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५००००० | ४०९२९८ | ९००००० | ३१६६८३ |
| २२४१३ | करार सेवा शुल्क | २७९१००० | १२२६२०० | २९६१००० | १९२८६० |
| २२४१४ | सरसफाईसेवा शुल्क | २२४४००० | १८४८५०० | ५९७००० | १९५०० |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | १३५३१००० | ४२७१८५५ | ११६३३००० | १३८१८११ |
| २२५२२ | कार्यक्रम खर्च | १९६२४८०४६ | ८८२६३०१३ | १९६१२४२२० | ३५५५८९१२ |
| २२५२९ | विविध कार्यक्रम खर्च | ५००००० | २४३७१२ | ५००००० | ३४०६७४ |
| २२६११ | अनुगमन मूल्यांकन खर्च | २४०५००० | १५७८२९० | २२८५००० | ९८९४२० |
| २२६१२ | भ्रमण खर्च | ३५०९००० | २७७१६५० | २९९२००० | १०९०२८० |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५००००० | ० | ५००००० | २१२६९५ |
| २२६१९ | अन्य भ्रमण खर्च | १००००० | ८०६५५ | ९५०००० | ३९०४४५ |
| २२७११ | विविध खर्च | २९६३००० | २९०३३४३ | २७५६००० | १७४८४०८ |
| २२७२१ | सभा सञ्चालन खर्च | १५००००० | १२६७३०३ | १५००००० | ३४८१७५ |
| २५३११ | शैक्षिक संस्थाहरूलाई सहायता | ५११४२००० | ४८९६००५७ | २७३०८७००० | १८५८८३०३९ |
| २५३१५ | अन्य सस्था सहायता | | | १२००००० | २००००० |
| २७२११ | छात्रवृत्ति | ४८२३००० | ३३०१६२० | ५१६५००० | १०३००५० |
| २७२१२ | उद्दार राहत तथा पुनस्थापना खर्च | ७६९०००० | ५७१०००० | ५००००० | ० |
| २७२१३ | औषधी खरिद खर्च | – | – | ६२७५००० | ६७४६७६ |
| २७२१९ | अन्य सामाजिक सहायता | ५००००० | २५४६२५ | ५००००० | ३४०००० |
| २८१४२ | घरभाडा | १६९५५०० | १६३६२९१ | १७२०००० | ९९३४१५ |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | २०५००० | १०६०० | २०५००० | ५००० |
| २८१४९ | अन्य भाडा | १००००० | ० | १००००० | ० |
| २८२११ | राजस्व फिर्ता | ५००००० | ३०२२८३ | ५००००० | १२८७६७ |
| २८२१२ | न्यायिक फिर्ता | ३००००० | ० | ३००००० | ० |
| २८२१९ | अन्य फिर्ता | १००००० | ० | १००००० | २०१०२ |
| २८९११ | भैपरी आउने चालु खर्च | ९९८९३३ | ० | ५२१५००० | ० |
| | **चालु खर्च जम्मा** | **६९९७२१२७९** | **५२२०४९८६८** | **७११४७९४२०** | **३३३८०५९२६** |

उपरोक्त तालिकाको आधारमा चालु खर्च अन्तरगत गत आ.व. तथा चालु आ.व. को समग्र अवस्थालाई चार्ट नं. २ (ग) मा प्रस्तुत गरिएको छ ।

### चार्ट २ (ख) : चालु खर्चको अवस्था




२.४४ पूँजीगत खर्च शीर्षक अन्तरगत गत आ.व. मा अनुमान गरिएको कुल रकम रु. ६८ करोड ४३ लाख ८७ हजार मध्ये ४८ प्रतिशत अथवा रु. ३३ करोड ५ लाख ४२ हजार मात्र खर्च भएको थियो । चालु आ.व. मा खर्च हुने अनुमान गरिएको कुल रकम रु. ७४ करोड २६ लाख ६९ हजार मध्ये चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. १३ करोड २७ लाख ४ हजार अथवा १८ प्रतिशत खर्च भएको देखिन्छ । पूँजीगत खर्च शीर्षकको गत आ.व. र चालु आ.व. को विस्तृत विवरण तालिका नं. २ (छ) मा प्रस्तुत गरिएको छ ।

### तालिका २ (छ) : पूँजीगत खर्चको विवरण

| खर्च संकेत नं. | खर्च शीर्षक | गत आ.व. को खर्च रकम (रु.) | | चालु आ.व. को खर्च रकम (रु.) | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ (चैत्र मसान्त सम्म) |
| २२४१९ | अन्य सेवा शुल्क | ० | ० | ० | ० |
| २२५११ | कर्मचारी तालिम खर्च | १०४५००० | ४४६४० | ० | ० |
| २५३१२ | स्वास्थ संस्थाहरूलाई सहायता | ७६४१००० | ६६२११०० | ० | ० |
| ३११११ | आवासीय भवन निर्माण/खरिद | ५९००००० | ४५००४६१ | ० | ० |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | १४२२००००० | ८८२३१०८९ | १६९३९०००० | ३३४३२९ |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | २००००० | ० |
| ३१११४ | जग्गा विकास कार्य | २००००० | ० | २००००० | ० |
| ३११२१ | सवारी साधन | ३०००००० | ० | ३१००००० | २३९४९०० |
| ३११२२ | मेशिनरी तथा औजार | १६६३३१४० | ११८९९५५७ | १८९५०००० | ४६९०४४२ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २८९८०२१ | २२६४८७९ | २८१४७८० | ११८४९९५ |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ५००००० | ० | २००००० | ६७८८१ |
| ३११३२ | अनुसन्धान तथा विकास सम्बन्धी खर्च | ७०००००० | ७०००००० | १३००००० | ० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | १५२०००० | १४३८१५० | २५००००० | ८३६२५ |
| ३११५१ | सडक तथा पूल निर्माण | ३१८१६१५०० | १४९००८०६६ | ३१५४९००५० | ७०२२२९७९ |
| ३११५३ | विद्युत संरचना निर्माण | १५०००० | १५०००० | १५०००० | ० |
| ३११५५ | सिंचाई संरचना निर्माण | ४३६६२००० | २७१०७६८० | ३०४७५००० | १२०९५५४४ |
| ३११५६ | खानेपानी संरचना निर्माण | ५१५०३३८ | २७८९२०० | ८१०६२५० | २०१८०० |

| खर्च संकेत नं. | खर्च शीर्षक | गत आ.व. को खर्च रकम (रु.) | | चालु आ.व. को खर्च रकम (रु.) | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ (चैत्र मसान्त सम्म) |
| ३११५७ | वन तथा वातावरण संरक्षण | १५००००० | १४८४११९ | ५६२५०० | ० |
| ३११५८ | सरसफाई संरचना निर्माण | - | - | ४०६२५०० | ० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | १३५४५३००० | ३४६६८८१६ | १६९६०१८३० | ४१३१८०९७ |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | - | - | १२५००० | १०९५०० |
| ३१४११ | जग्गा प्राप्ति खर्च | १००००० | ० | ३२००००० | ० |
| ३१४४१ | करार लिज र लाईसेन्स खरिद प्राप्ति खर्च | - | - | ५००००० | ० |
| ३१५११ | भैपरी आउने पूँजीगत | ३५९५२२ | ० | ११८९१५०० | ० |
| | **पूँजीगत खर्च जम्मा** | **६८४३८७५२१** | **३३०५४२०१६** | **७४२६६९४१०** | **१३२७०४०९२** |

तालिका नं. २ (छ) का आधारमा चालु खर्च अन्तरगत गत आ.व. तथा चालु आ.व. को समग्र अवस्थालाई चार्ट नं. २ (ग) मा प्रस्तुत गरिएको छ ।

**चार्ट २ (ग) : चालु खर्चको अवस्था**




२.४५ नगरपालिकाको स्थानीय खर्चसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक प्रकृतिका चुनौतीहरू रहेका छन् । विगत आर्थिक वर्षहरू र चालु आर्थिक वर्षको अनुभवका आधारमा पहिचान गरिएका स्थानीय खर्चका चुनौतीहरूमा खर्च क्षमताको सुदृढीकरण गर्नु, बाह्य स्रोत माथीको निर्भरता बढनु, चालु खर्चमा वृद्धि हुनु, वैज्ञानिक अनुमान तथा प्रक्षेपण तयार गर्नु, नगद प्रबाह योजनाको अभ्यास थालनी गर्नु र ठेक्का करारलाई सहज तथा व्यवस्थित गर्ने कार्य रहेका छन् ।

# ३. आर्थिक विकास

## कृषि

३.१ सूर्योदय नगरपालिका नगदे बालीमा पाँच "अ" (अदुवा, अलैंची, चिया, अम्लिसो र अकवरे खुर्सानी) को उत्पादन हुने प्रमुख स्थानको रुपमा सुपरिचित रहेको छ। स्कुस लगायतका मौसमी र बेमौसमी तरकारी, फूल र आलु खेती व्यावसायिक रुपमा हुने गरेको छ। कृषि उपजको विविधिकरणमा समेत यस क्षेत्र अग्रणी स्थानमा रहेको छ। हाल इलामको सबैभन्दा धेरै ६२ वटा चिया उद्योग यसै क्षेत्रभित्र रहेका छन्। नगदे वालीका अतिरिक्त खाद्यान्न बाली, फलफूल र दलहन बालीको परम्परागत उत्पादनको अभ्यास पनि निरन्तर रहेको छ।

३.२ राष्ट्रिय जनगणना २०७८ अनुसार कृषि क्षेत्रमा संलग्न जनसंख्या ७५.८ प्रतिशत रहेको देखिन्छ। कृषि क्षेत्रमा गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको चैत्र मसान्त सम्ममा भएका उपलब्धिहरूमा पूर्वाधार तथा संरचनागत सुधार र उत्पादन तथा आय क्षेत्रसँग सम्बन्धित रहेका छन्। गत आ.व. र चालु आ.व. मा चिया कारखाना संख्या ६२, आधुनिक कृषि प्रणालीमा दक्षता हासिल गरेका कृषक संख्या १५ प्रतिशत, खाद्यान्न उत्पादन वृद्धिदर ७ प्रतिशत र व्यावसायिक कृषि फर्म संख्या ३४५ रहेको छ।

३.४ गत आ.व. मा कृषिमा आधुनिक यान्त्रिकरणलाई अवलम्बन कृषक संख्या ५ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा सो संख्या वृद्धिभइ २० प्रतिशत पुगेको छ। उत्पादनले ६ महिना भन्दा बढी पुग्ने परिवार संख्या गत आ.व. मा ६२.१ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ६३ प्रतिशत पुगेको छ। माटोको गुणस्तर परीक्षण गराउने घरधुरी संख्या गत आ.व. मा २ हजार रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा दोब्बर वृद्धिभइ ४१ हजार पुगेको देखिन्छ। पकेट क्षेत्रको संख्या गत आ.व. मा ५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ७ पुगेको छ। कृषक समूहमा आवद्ध कृषक संख्या गत आ.व. मा १२९५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १४०४ पुगेको छ। चिया उत्पादन गत आ.व. मा ३३ मे.ट. रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ३८ मे.ट. पुगेको छ। चिया खेती वाट आम्दानी गत आ.व. मा रु. ६५ करोड रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. ७६ करोड पुगेको छ। कृषि उपज बेचविखन गर्ने घर परिवार संख्या गत वर्ष ५३ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ५२ प्रतिशत रहेको देखिन्छ। यस सम्बन्धी विवरणलाई तालिका नं. ३ (क) मा प्रस्तुत गरिएको छ।

**तालिका ३ (क) : कृषि क्षेत्रको अवस्था**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्म |
|---|---|---|---|
| कृषिमा आधुनिक यान्त्रिकरण अवलम्बन कृषक | प्रतिशत | ५ | २० |
| व्यावसायिक कृषि फर्म | संख्या | ३४५ | ३४५ |
| आधुनिक कृषि प्रणालीमा दक्षता प्राप्त गरेका कृषक | प्रतिशत | १५ | १५ |
| उत्पादनले ६ महिना भन्दा बढी पुग्ने परिवार संख्या | प्रतिशत | ६२.१ | ६३ |
| कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ७५.८ | ७५.८ |
| खाद्यान्न उत्पादन वृद्धिदर | प्रतिशत | ७ | ७ |
| माटोको गुणस्तर परीक्षण गराउने घरधुरी | संख्या | २००० | ४१०० |
| पकेट क्षेत्र निर्धारण | संख्या | ५ | ७ |
| कृषक समूहमा आवद्ध कृषक | संख्या | १२९५ | १४०४ |
| चिया उत्पादन | मे.ट. | ३३३०५ | ३८००० |

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्म |
|---|---|---|---|
| चिया कारखाना | संख्या | ६२ | ६२ |
| चिया खेतीबाट आम्दानी | रु. लाख | ६५ | ७६०० |
| कृषि उपज बेचविखन गर्ने घर परिवार | प्रतिशत | ५३ | ५२ |

३.४ चालु आ.व. को चैत्र मसान्त सम्ममा कृषि क्षेत्रको विकासका प्रवर्द्धनात्मक कार्यहरू भएका छन् । यस अवधिमा ५० प्रतिशत अनुदानमा कुल ४ सय २८ जना कृषकलाई ४२ सय के जी आलुको बिऊ वितरण गरिएको छ । कुल १४ जना कृषकलाई ५० प्रतिशत अनुदानमा मिनिटिलर वितरण र १ सय ३१ जना कृषकलाई लागत साझेदारीमा मल्चिङ प्रविधि सहयोगका लागि २ सय १२ रोल वितरण गरिएको छ । यसै अवधिमा वडा नं. १० र ११ मा किसान सूचीकरण कार्य सम्पन्न गरिएको छ । यसै अवधिमा थप ६ सय ३० हेक्टर जमिनमा तरकारी बाली पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिएको छ । उत्पादकत्व भएको मकैको बिऊ ५० प्रतिशत अनुदानमा वितरण कार्यको थालनी भएको छ ।

## सिंचाई

३.५ सूर्योदय नगरपालिकामा स्वीजरल्याण्ड सरकारको सहयोगमा साना सिंचाई कार्यक्रम सञ्चालनमा रहेको छ । सो कार्यक्रम र स्थानीय सरकारको पहलमा हाल सम्म कुल १ हजार ३६ हेक्टर खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध रहेको छ । यस क्षेत्रमा हाल सम्म ४१ वटा आयोजनाको पहिचान एवम् विस्तृत परियोजना प्रतिवेदन तयार गरिएको छ । त्यसैगरी, कुल १९ वटा सिंचाई योजनाको पुनः निर्माण र ६० वटा आयोजनाको सम्भाव्यता अध्ययन सम्पन्न भएको छ ।

३.६ कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुबिधा उपलब्ध भूमि गत आ.व. सम्ममा ९ सय ८६ हेक्टर रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १ हजार ३६ हेक्टर पुगेको छ । बाह्रै महिना सञ्चालनमा रहेका सिंचाई आयोजना संख्या गत आ.व. सम्ममा १८ रहेकोमा यस आ.व. को चैत्र मसान्त सम्ममा १९ पुगेको छ । सिंचित क्षेत्रभित्र बाली सघनताको अवस्था १६८ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १९९ प्रतिशत पुगेको देखिन्छ ।

## बैक तथा वित्तीय संस्था

३.७ सूर्योदय नगरपालिकाभित्र कुल १० वटा बैंक, १० वटा लघु वित्त र १४८ वटा सहकारीहरू सञ्चालनमा रहेका छन् । सहकारी मध्ये १२३ वटा सहकारी नगरपालिकामार्फत नियमन हुने र २२ वटा प्रदेशबाट नियमन हुने सहकारी रहेका छन् । सहकारीहरू मध्येमा महिला सहकारी संख्या ७ र उत्पादनमूलक सहकारी संख्या १० रहेको छ ।

३.८ चालु आ.व. को चैत्र मसान्त सम्ममा आइपुग्दा बैंक, सहकारी तथा वित्तीय संस्थाका माध्यमबाट बचत गर्ने बानी र नेतृत्वको विकास भएको छ भने वित्तीय सेवामा सबै नगरवासीको पहुँच विस्तार भएको देखिन्छ । वित्तीय साक्षरता कार्यक्रम सबै वडामा हरेक वर्ष सञ्चालन हुने गरेको छ । चालु आ.व. मा वर्ष ४५ वटा सहकारीलाई क्षमता विकास तालिम उपलब्ध गराइएको छ । सहकारीको डाटावेस व्यवस्थापन सहित ७० वटा सहकारीहरूलाई कोपोमिसको प्रयोगमा सहजीकरण गरिएको छ । सहकारीले एकका लागि सबै भन्ने सोचका साथ व्यावसायीकरणमा योगदान पुर्याएको छ ।

३.९ चालु आ.व. को चैत्र मसान्त सम्ममा सहकारीहरूमा कुल रु. ११ करोड ८१ लाख ७१ हजार ८ सय ६१ सेयर पूँजी, रु. ३० करोड ७४ लाख २० हजार २ सय ३० बचत पूँजी र रु. ३९ करोड ३७ लाख ७८ हजार १ सय ७८ लगानी रहेको छ। यसै अवधिसम्म आइपुग्दा पुरुष सेयर सदस्य ११ हजार ३ सय १० र महिला सेयर ९ हजार ६ सय ७७ गरी कुल सेयर सदस्यहरू संख्या २० हजार ९ सय ६६ पुगेको छ।

३.१० सहकारी, वित्तीय संस्था तथा बैंकमा खाता हुने घरपरिवार संख्या गत आ.व. मा ८५ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा सत् प्रतिशत रहेको छ । घरबाट ३० मिनेटको पैदल दूरीमा सहकारीमा पहुँच भएका घरपरिवार संख्या गत आ.व. मा ८० प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ९० पुगेको छ। यस क्षेत्रमा गत आ.व. मा बैंकको संख्या ९ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १० पुगेको छ। सहकारी संख्या गत आ.व. मा १४५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १४८ पुगेको देखिन्छ। गत आ.व. तथा चालु आ.व.मा महिला सहकारी संख्या ७, लघु वित्त संख्या १० र उत्पादनमूलक सहकारी संख्या ७६ नै रहेको छ।

## उद्योग

३.११ उद्योग क्षेत्रमा रोजगार संख्या गत आ.व. मा २५ सय रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ४० प्रतिशतले वृद्धि भइ ३५ सय पुगेको छ। यस क्षेत्रमा लघु उद्योग संख्या गत आ.व. मा १२० रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ८३ प्रतिशतले वृद्धि भइ २ सय २० पुगेको छ। साना उद्योग संख्या ७३ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ५ प्रतिशतले वृद्धि भइ ७७ रहेको छ। चिया कारखाना गत आ.व. मा ६२ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा पनि ६२ नै रहेको छ । मेडपा कार्यक्रममार्फत गत आ.व. सम्ममा १ सय २० जना उद्यमी श्रृजना भएकोमा यस आ.व. थप उद्यमी श्रृजना हुने क्रममा रहेको छ।

## पशुपालन

३.१२ पशुआहारको लागि घाँसको उत्पादन र हावापानी अनुकूल रहेको सूर्योदय नगरपालिकामा कृषकहरूको मुख्य पेशा तथा आम्दानीको श्रोतका रूपमा पशुपालन पनि रहेको छ। इलामको पहिलो चिज कारखाना यसै क्षेत्रमा स्थापना भएको थियो । यस क्षेत्रका करिव ८० प्रतिशत कृषकहरूमा कम्तिमा एउटा माउ गाई पालनको अभ्यास रहेको छ भने करिब ३९ वटा व्यावसायिक गाई फर्महरू संचालनमा रहेका छन्। गाईहरूको हालको दुध उत्पादन दर प्रति वेत सरदर ३६ सय लिटर रहेको देखिन्छ भने १० प्रतिशत गाईको दुध उत्पादन ५ हजार लिटर रहेको छ। हाल सम्म आइपुग्दा स्वच्छ र सफा दुध तथा दुधजन्य पदार्थको उत्पादनमा वृद्धि भएको छ। दुध तथा दुधजन्य पदार्थ र मासुजन्य उत्पादनमा व्यावसायिकता र निर्यातमा वृद्धि हुँदै गएको छ।

३.१३ पशुजन्य उत्पादनलाई प्रोत्साहन गर्न फर्म प्रोत्साहन कार्यक्रम अन्तरगत हरेक वर्ष ३ वटा फर्मलाई सहयोग गर्ने नीति कार्यान्वयन गरिएको छ। मोटर सहितको ५६ वटा च्यापकटर ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ। नगरपालिकाले ५० प्रतिशत अनुदानमा गाईपालक कृषकलाई २ सय ५० काउमेट वितरण गरिसकेको छ। लागत साझेदारीमा ५० प्रतिशत अनुदानमा १४ वटा फर्मलाई भेडापालन कार्यक्रममार्फत सहयोग उपलब्ध गराइएको छ। कृषकका लागि कुल १ सय ९६ च्यापकटर वितरण गरिएको छ भने छुर्पी प्रवर्द्धन कार्यक्रम अन्तरगत ५० प्रतिशत लागत साझेदारीमा ६ जना कृषकलाई वितरण गरिएको छ।

यसैगरी, १८ हजार ५ सय ६४ पशुको कृतिम गर्भाधान, (१५० सय क्विन्टल घाँस बीऊ वितरण, २ वटा बाख्रापालन पकेट २ वटा समुहलाई सहयोग र १४ वटै वडामा कृषक तालिम सम्मन्न भएका छन् ।

३.१४ चालु आ.व. को चैत्र मसान्त सम्ममा ५६ च्यापकटर वितरण, गोठसुधार कार्यक्रम, ५० प्रतिशत लागत साझेदारीमा गाई पकेट कार्यक्रम, ५० प्रतिशत लागत साझेदारीमा छुर्पी प्रवर्द्धन कार्यक्रम र ५० प्रतिशत लागत साझेदारीमा मत्स्य मिसन कार्यक्रम सञ्चालनमा रहेका छन् । पशुपालन क्षेत्रमा गत आ.व. र चालु आ.व. को चैत्र मसान्त सम्मको उपलब्धिलाई तालिका नं. ३ (ख) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ (ख) : पशुपालन क्षेत्रको उपलब्धि**

| सूचक | इकाइ | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| दैनिक सरदर दुध उत्पादन | लिटर | ४०००० | ४२००० |
| डेरी उद्योग | संख्या | ६२ | ६२ |
| दुध संकलन केन्द्र | संख्या | ६४ | ६४ |
| मासु उत्पादन वार्षिक | मे.टन | ४६१ | ४६१ |
| गोठ सुधार भएका पशुपालक कृषक | संख्या | १३५० | १३६३ |
| पशुपालक समुह | संख्या | १९ | १९ |
| वार्षिक सेक्स सिमेनमार्फत कृत्रिम गर्भाधान | संख्या | ० | ४०० |
| कृत्रिम गर्भाधान | संख्या | ६५०० | ५१२० |
| कृतिम गर्भाधान सफलता | प्रतिशत | ६० | ६२ |
| तालिम प्राप्त पशुसेवा प्राविधिक परिचालन | प्राविधिक संख्या | १३ | १३ |
| वार्षिक घाँस उत्पादन | मे. टन | ७३०० | ७५०० |
| गाईपालन फर्म | संख्या | ३९ | ३९ |
| बाख्रापालन फर्म | संख्या | ४३ | ४३ |

## सीप विकास

३.१५ सीप विकास सम्बन्धी औपचारिक तालिम हासिल गरेका व्यक्तिहरूको संख्या गत आ.व. मा ३ सय ६४ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ४ सय २० पुगेको देखिन्छ । सीप विकास तालिम गत आ.व. मा २४० जनालाई दिइएको मा यस वर्षको पहिलो दश महिनामा अन्य २४४ जनालाई प्रदान गरिएको छ । यस वर्ष सीपमूलक तालिम प्राप्त गरेका लक्षित वर्गका व्यक्तिहरूको संख्या १८८ रहेको छ । यस आ.व. को चैत्र मसान्त सम्ममा मौरी पालन सम्बन्धी सीप विकास तालिम १८ जना अपाङ्गता भएका व्यक्तिलाइ र स्थानीय खाद्य परिकारको तयारी सम्बन्धी तालिम ९० जना जनालाई प्रदान गरिएको छ । यसै अवधिमा दलित वर्गका २० जनालाई पलम्बर तालिम तथा २० जनालाई इलेक्टिसियन तालिम र उद्घोषण तालिम ६२ जनालाई दिइएको छ । त्यसैगरी, ३ जना कृषकलाई प्राविधिक व्यवसायिक तरकारी उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको छ ।

## श्रम तथा रोजगारी

३.१६ राष्ट्रिय जनगणना २०७८ ले कुल बेरोजगारी ७ प्रतिशत र आर्थिक क्षेत्रमा रोजगारी ९७.८ प्रतिशत देखाएको छ । सोही तथ्याङ्क अनुसार रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ४० प्रतिशत रहेको देखिन्छ । दर्ता भएका कुल बेरोजगार व्यक्ति संख्या गत आ.व. मा ४ सय ८ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १ हजार ९८ पुगेको देखिन्छ । न्यूनतम रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार जनसंख्या गत आ.व. मा १ सय १० रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १ सय ५ पुगेको देखिन्छ । प्रधानमन्त्री

रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना संख्या गत आ.व. मा १३ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ९ वटा मात्र रहेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन गत आ.व. मा १० हजार २ सय ८० रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १० हजार ५ सय रहेको छ । रोजगार कार्यक्रमबाट आर्थिक रुपमा विपन्न ७ सय ८० जनाले ले कुल ७८ हजार दिन बराबरको रोजगार प्राप्त गरेका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत २ वटा खानेपानीको मुहान संरक्षण, २ वटा पोखरी निर्माण, १ वटा खोलमैदान निर्माण, ३० हजार विरुवा रोपण, नाली निर्माण र सडक मर्मत तथा गोरेटो बाटो निर्माण जस्ता कार्यहरू भएका छन् ।

## व्यवसाय दर्ता

३.१७ वार्षिक रुपमा दर्ता भएका व्यवसायको संख्या गत आ.व. मा १८६७ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ४१ अंकले घटेर १ हजार ८ सय २६ पुगेको छ । व्यवसाय दर्ताका लागि हरेक वर्ष साउन, भदौ र असोजमा १० प्रतिशत छुट हुने व्यवस्था रहेको छ । गत आ.व. मा व्यवसाय दर्ताबाट रु. ३८ लाख ४० हजार राजस्व संकलन भएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. ३८ लाख ४० हजार राजस्व संकलन भइ सकेको देखिन्छ । नगरपालिकाले व्यवसाय दर्ता प्रयोजनका लागि महिलालाइ व्यवसाय दर्तामा ३५ प्रतिशत र अपाङ्ग लाइ ५० प्रतिशत छुट दिने गरेको छ । त्यसैगरी, गत आ.व. को बक्यौतामा लाग्ने जरिवानामा मंसिर सम्ममा सत् प्रतिशत छुट र असार सम्ममा ५० प्रतिशत छुटको व्यवस्था समेत रहेको छ ।

## वाणिज्य तथा बजार अनुगमन

३.१८ सूर्योदय नगरपालिकामा गत आ.व. र चालु आ.व. को चैत्र मसान्त सम्ममा एक एक पटक फिक्कल, बरवोटे, पशुपतिनगर, आइतबारे र तीनघरे क्षेत्रमा बजार अनुगमन गरिएको छ । अनुगमनका क्रममा नियम विपरित कार्य गरेको देखिएका व्यवसायिलाई सचेत गराउने देखि कारबाहीका लागि सिफारीस गर्ने कार्य भएको थियो । बजार क्षेत्रमा होटल तथा रेष्टुरेण्ट, किराना पसल, फेन्सी पसल, हार्डवयर, कस्मेटिक पसल र औषधी पसलको अनुगमन गरिएको थियो ।

## बजार केन्द्र

३.१९ यस क्षेत्रमा रहेका बजार केन्द्रहरू फिक्कल, बरवोटे, पशुपतिनगर, आइतबारे र तीनघरे रहेका छन् । बजार केन्द्रमा थोक तथा खुद्रा पसल, होटल तथा रेष्टुरेण्ट, किराना पसल, फेन्सी पसल, हार्डवयर, कस्मेटिक पसल र औषधी पसल रहेका छन् । गत आ.व. र चालु आ.व.को पहिलो दश महिनाभित्रमा नयाँ बजार केन्द्रको स्थापना नभए पनि बजार केन्द्रहरूमा आर्थिक गतिबिधि र बजार संरचना विकास तथा विस्तार हुँदै गएको छ । बजार केन्द्रमा सडक, विद्युत, सञ्चार र खानेपानी तथा सरसफाईको सुबिधा व्यवस्थित हुँदै गएको छ ।

## पर्यटन

३.२० सूर्योदय नगरपालिका देशकै आकर्षक पर्यटकीय स्थलका रूपमा स्थापित भएको छ । पर्यटकीय स्थलहरूमा श्रीअन्तु, कन्याम, फिक्कल, पशुपतीनगर, पंचकन्या, बुद्धपार्क, गुफा पाताल, स्वामीपार्क, जिपलाइन, पञ्चकन्या मन्दिर प्रमुख रुपमा रहेका छन् । कन्यामको रमणीय चिया बगान, श्रीअन्तु क्षेत्रको सूर्योदयको दृष्यावलोकन, अन्तु पोखरी, लाप्चा संस्कृति तथा ग्रामीण जन-जीवनको अवलोकन र सुनगाभा फूलखेती

यहाँको मुख्य आर्कषणको रूपमा रहेको छ । यस भेगमा ग्रामीण पर्यटनको पूर्वाधारको रूपमा घरबास प्रणाली (होमस्टे) को अभ्यास शुरु भइ सकेको छ । कृषि पर्यटन तथा ग्रामीण पर्यटन व्यवस्थित हुँदै गएको छ ।

३.२१ पर्यटन क्षेत्रको विकासका लागि अन्तर-सरकार साझेदारीलाई महत्व दिइएको छ । नगरपालिकाले दिगो पर्या पर्यटनको विकासलाई महत्व दिएको छ । पर्यटन प्रवर्द्धनका लागि अन्तु र कन्याम लगायतका क्षेत्रमा सहायक पूर्वाधार निर्माण तथा सौन्दर्यकरणको कार्य सम्पन्न भएका छन् । कन्याममा १५ मिटर सडक अधिकार क्षेत्र कायम गर्ने, ५० क्षमताको घोडा तवेला निर्माण गर्ने र व्यवस्थित व्यावसायिक स्थलहरूको स्थापना गर्ने कार्य सम्पन्न भएको छ । अन्तु डाँडा र अन्तु पोखरीमा सौन्दर्यकरण गरिएको छ । टि टेस्टिङ र प्रवर्द्धन केन्द्र निर्माणाधिन अवस्थामा रहेको छ । आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणका लागि ७६ कि.मी. पदमार्गको पहिचान गरिएको छ । बुद्धपार्क तथा स्वामीपार्क निर्माण र रानी वन तथा तीन तले झरना जस्ता साना पर्यटकीय स्थलमा पूर्वाधार निर्माण भएका छन् । कुल १३ कि.मी. लामो साइकल ट्र्याक निर्माण कार्यको थालनी भएको छ ।

३.२२ चालु आ.व. को चैत्र मसान्त सम्ममा पर्यटक सूचना केन्द्र स्थापना गरिएको छ भने १ सय ५० मिटर लामो शिसाको पुल निर्माण सम्पन्न अवस्था पुगेको छ । विश्व पर्यटन दिवस असोज १ गते फोटो प्रदर्शनी र सरोकारवालाबीच पर्यटन विकासका लागि अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । फिक्कल सौन्दर्यकरणका लागि फिक्कल बजारको मेची राजमार्ग खण्डमा फुटपाथ निर्माणा कार्यलाई तिब्रता दिइएको छ । यसै अवधिमा स्थानीय खाद्य परिकार तयारी तालिमका अतिरिक्त र होमस्टे सञ्चालन सम्बन्धी तालिम ६० जनालाई प्रदान गरिएको छ । नगर क्षेत्रमा भ्रमण गर्ने पर्यटक संख्या गत आ.व. मा १५ लाख ३० हजार चालु आ.व. को चैत्र मसान्त सम्ममा १२ लाख ७५ हजार रहेको छ । व्यवस्थित होमस्टे सन्चालन गरेका घरधुरी संख्या गत आ.व. मा ६० रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ६१ पुगेको छ । व्यवस्थित होटेल/रिसोर्ट संख्या ३४० रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ३९१ पुगेको छ । पर्यटनको क्षेत्रमा चालु आ.व. को पहिलो दश महिनामा भएको उपलब्धिलाई तालिका नं. ३ (ग) मा प्रस्तुत गरिएको छ ।

**तालिका ३ (ग) : पर्यटन विकासको अवस्था**

| सूचक | एकाई | गत आ.व.सम्मको अवस्था | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| नगर क्षेत्रमा भ्रमण गर्ने वार्षिक पर्यटक संख्या | हजारमा | १५३० | १२७५ |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल | संख्या | ७ | ७ |
| व्यवस्थित होमस्टे सन्चालन गरेका घरधुरी | संख्या | ६० | ६१ |
| व्यवस्थित होटेल/रिसोर्ट | संख्या | ३४० | ३९१ |

## स्थानीय आर्थिक विकासको सूचकहरूको लेखाजोखा

३.२३ सूर्योदय नगरपालिका आर्थिक विकासमा मुलुककै अग्रणी नगरपालिकाका रुपमा स्थापित भएको छ । नगरपालिका संघले आर्थिक वर्ष २०७८/२०७९ मा स्थानीय आर्थिक विकास क्षेत्रमा उल्लेख्य कार्य सम्पादन गरे बापत वि.सं. २०७९ मा उत्कृष्ट नगरपालिका घोषणा गरेको छ ।

३.२४ यस नगरपालिकाको स्थानीय आर्थिक विकासमा योगदन पुर्याउने प्रमुख क्षेत्रमा पर्यटन, कृषि तथा पशुपालन रहेको छ । यस अगाडिका पछिल्ला ३ आर्थिक वर्षमा कोभिड १९ को महामारीले र गत आ.व. र चालु आ.व.मा विश्वव्यापी आर्थिक मन्दीका कारण देखिएको असहजतका बाबजुद सूर्योदय नगरपालिकाले आर्थिक विकासका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ ।

३.२५ राष्ट्रिय जनगणना २०७८ ले आर्थिक रुपमा सकृय जनसंख्या ७६ प्रतिशत, कुल रोजगारमध्ये आर्थिक क्षेत्रमा रोजगारी ९७.८ प्रतिशत, कुल बेरोजगारी ७ प्रतिशत, कृषि पेशामा संलग्न जनसंख्या ७५.८ प्रतिशत, आफ्नो उत्पादनले ६ महिना खान पुग्ने जनसंख्या ६२.१ प्रतिशत देखाएको छ । यस क्षेत्रमा खाद्यान्न उत्पादनको वृद्धिदर ७ प्रतिशत रहेको छ । दर्ता भएका कुल बेरोजगार जनसंख्या १ हजार ९८ रहेको छ। सीप विकास सम्बन्धी औपचारिक तालिम हासिल गरेका व्यक्तिहरूको संख्या ४ सय २० पुगेको छ ।

३.२६ कुल खेतीयोग्य जमिनको हाल सम्म १ हजार ३६ हेक्टर खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध रहेको छ। आधुनिक कृषि प्रणालीमा दक्षता हासिल गरेका कृषक संख्या १५ प्रतिशत र व्यावसायिक कृषि फर्म संख्या ३४५ रहेको देखिन्छ । कृषिमा आधुनिक यान्त्रिकरणलाई अवलम्बन कृषक संख्यामा गत वर्षको तुलनामा ३०० प्रतिशतले वृद्धिभइ २० प्रतिशत पुगेको छ । पकेट क्षेत्रको संख्या चालु आ.व. को चैत्र मसान्त सम्ममा गत आ.व. को भन्दा २ वटाले बढेर ७ पुगेको छ । कृषक समूहमा आवद्ध कृषक संख्या १ हजार ४ सय ४ पुगेको छ । चिया उत्पादन गत आ.व. मा भन्दा ३३ प्रतिशतले वृद्धिभई ३८ हजार के.जी. पुगेको छ। चिया खेतीबाट आम्दानी गत आ.व. मा रु. ६५ करोड रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. ७६ करोड पुगेको छ ।

३.२७ पशुपालन क्षेत्रमा विगत वर्षको भन्दा चालु आ.व. को चैत्र मसान्त सम्ममा दैनिक सरदर दुध उत्पादन ५ प्रतिशतले वृद्धिभइ ४२ हजार लिटर पुगेको छ । मासु उत्पादन वार्षिक रुपमा ४ सय ६१ मे.ट. रहेको छ । यस क्षेत्रमा पशुपालक समूहको संख्या १९, गोठ सुधार भएका पशुपालक कृषक संख्या ०.२ प्रतिशतले वृद्धिभइ १ हजार ३ सय ६३ पुगेको छ भने दुध संकलन केन्द्र ६४ रहेको देखिन्छ ।

३.२८ पर्यटनको विकासमा नगरले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। नगर क्षेत्रमा भ्रमण गर्ने वार्षिक पर्यटक संख्या १५ लाख पुगेको छ । यस क्षेत्रमा रहेका व्यवस्थित र स्तरीय पर्यटकीय स्थल संख्या ७, व्यवस्थित होमस्टे सन्चालन गरेका घरधुरी संख्या ६१ र व्यवस्थित होटेल/रिसोर्ट संख्या ३९१ पुगेको देखिन्छ ।

### उत्पादनमूलक सहकारी

३.२९ उत्पादनमूलक सहकारीहरूको कुल संख्या ७६ रहेको छ। सहकारीमध्ये २ वटा अलैंची सहकारी, १७ वटा चिया सहकारी, १ वटा कफी सहकारी, ५६ वटा दुग्ध सहकारी रहेका छन् ।

### आर्थिक क्षेत्रका चुनौतीहरू

३.३० जलवायु परिवर्तनको जलश्रोतमा नकारात्मक प्रभाब कम गर्नु, लगानीमैत्री वातावरणको निर्माण गर्नु, प्रतिभा पलायन रोक्नु, आर्थिक गतिबिधिमा संकुचन हुन नदिनु, व्याजदरको अनिश्चितता हटाउनु र व्यवस्थित बजारीकरण गर्नु समग्र आर्थिक क्षेत्रका मुख्य चुनौतीहरू हुन् ।

३.३१ कृषि क्षेत्रका चुनौतीहरूमा बढ्दो मात्रामा विषादीको प्रयोग हुनु, बजारीकरण तथा ब्रान्डिङ प्रणालीको विकास गर्नु, कृषि व्यवसायमा आकर्षण गर्नु, प्रतिस्प्रधी क्षमताको विकास गर्नु, उपभोक्ता मूल्य र कृषकले प्राप्त गर्ने मूल्यबीचको उच्च अन्तर कम गर्नु, सिंचाईको श्रोतको सिमितताबाट अधिक उययोग हासिल गर्नु, हस्तान्तरण गरिएका सिंचाई आयोजनाको दिगोपना सुनिश्चिता गर्नु, मौसमी निर्भरता र जलश्रोतको बहुउपयोग बीच सन्तुलन कायम गर्नु रहेका छन् ।

३.३२ वित्तीय जोखिमको न्यूनीकरण गर्नु, सहकारीको प्रभाबकारी नियमन र सरकारीको एकीकरण गर्नु सहकारी तथा वित्तीय क्षेत्रका मुख्य चुनौतीहरू हुन् । बाह्य उद्योगसँगको प्रतिस्पर्धी क्षमता विकास गर्नु, आवश्यक जनशक्तिको उपलब्धता सहज तुल्याउनु र वैदेशिक रोजगारीमा आकर्षण कम गर्नु उद्योग तथा व्यवसाय क्षेत्रका चुनौतीहरूका रुपमा रहेका छन् । पर्यटनको क्षेत्रमा पर्यटनको बसाई समय विस्तार गर्नु, पर्यटन आगमनको अनिश्चितता कम गर्नु, तेस्रो देशबाट आउने बाह्य पर्यटकलाई आकर्षण गर्नु र दिगो पर्या पर्यटनको विकास गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन् ।

# ४. सामाजिक विकास

## स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभूत सूचक

४.१ स्वास्थ्य सेवालाई सहज र प्रभाबकारी गराउन नगरस्तरीय अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य सेवा केन्द्र, सीमा नाकामा हेल्थ डेस्क र गाउँघर क्लिनिक तथा खोप केन्द्रहरू रहेका छन् । स्थानीयस्तरमा उपलब्ध स्वास्थ्य सेवाका अतिरिक्त विशेषज्ञ तथा विशिष्ठकृत सेवाका लागि झापा लगायतका जिल्लाका शहरहरूमा जाने प्रचलन रहेको छ । समग्रमा स्वास्थ्य तथा पोषण क्षेत्रका आधाभूत सूचकहरूमा सुधार हुँदै गएको छ । गत आ.व. मा दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या ०.३ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा घटेर ०.०७ पुगेको छ। लक्षित संख्याका आधारमा प्रोटोकलअनुसार चार पटक पुर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको संख्या सेवा प्राप्त गर्ने गर्भवती महिला संख्या गत आ.व. मा ५७ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २९.०४ प्रतिशत पुगेको छ । घरमै सुत्केरी हुने महिला संख्या गत आ.व. मा ४ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २.५ प्रतिशत रहेको छ । नगरपालिकाले पोषणमैत्री नगर २ वर्षभित्र घोषणा गर्ने तयारी गरेको छ । स्वास्थ्य तथा पोषण क्षेत्रका उपलब्धिको विस्तृत विवरणलाई तालिका नं. ४ (क) मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ (क) : स्वास्थ्य तथा पोषण क्षेत्रको विवरण**

| सूचक | एकाई | गत आ.व.को वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या | प्रतिशत | ०.३ | ०.०७ |
| पाँच वर्ष मुनिका बालबालिकामा स्वासप्रस्वास संक्रमण दर | प्रति हजार | ६७५ | ५५४ |
| पाँच वर्ष मुनिका बालबालिकामा न्युमोनिया संक्रमण दर | प्रति हजार | १०० | १३९ |
| पाँच वर्ष मुनिका बालबालिकामा झाडापखला संक्रमण दर | प्रति हजार | २०० | ७८ |
| परिवार नियोजन आधुनिक साधन प्रयोगकर्ता दर | प्रतिशत | ३०.८ | २१.४३ |
| प्रोटोकल अनुसार चार पटक पूर्वप्रसूती सेवा प्राप्त गर्ने महिला संख्या | प्रतिशत | ५७ | २९.०४ |
| गर्भवती अवस्थामा १८० चक्की आईरन खाने महिला | प्रतिशत | ४० | ३०.९७ |
| सुत्केरी पछिको ४५ दिनसम्म आईरन चक्की खाने महिला संख्या | प्रतिशत | ४० | ३२.५८ |
| प्रोटोकल अनुसार तीन पटकको गर्भ जाँच गर्ने गर्भवती महिला संख्या | प्रतिशत | १० | २२.०२ |
| घरमै सुत्केरी हुने महिला संख्या | प्रतिशत | ४ | २.५ |
| Penta भ्याक्सिनको तीन मात्रा लगाउने बच्चाहरूको संख्या | प्रतिशत | ९३.८३ | ३८.३९ |
| राष्ट्रिय खोप कार्यक्रममा समावेश गरिएका सबै खोपहरूद्वारा समेटिएका बालबालिका संख्या | प्रतिशत | ९८ | ४१.१३ |
| गर्भवती महिलाले TD2nd र TD2+ खोप लगाउनेको संख्या | प्रतिशत | ७०.८४ | ३३.१ |
| क्षयरोग संक्रमण दर (प्रति लाखमा) | संख्या | १३६ | १३८ |

## स्वास्थ्य सेवा केन्द्र

४.२ स्थानीय स्तरमा १ मात्र प्राथमिक स्वास्थ्य केन्द्र वडा नं. २ पशुपति नगरमा रहेको र एउटा चालु आ.व. मा एउटा प्राथमिक स्वास्थ्य केन्द्रलाई अस्पतालमा स्तरोन्नती गरिएको छ। अन्य स्वास्थ्य संस्थाहरूमा ६ वटा स्वास्थ्य चौकी, ४ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, एउटा शहरी स्वास्थ्य केन्द्र वडा नं. १२ मलिममा र एउटा हेल्थ डेस्क पशुपतिनगर सिमा नाकामा रहेको छ। स्वास्थ्य संस्थामा हाल ९० जना स्वास्थ्यकर्मी

कार्यरत रहेका छन् । यस क्षेत्रमा ३२ वटा गाउँघर क्लिनिक र सोही संख्यामा वाह्य खोप केन्द्र समेत सञ्चालनमा रहेका छन् । कार्यरत महिला स्वास्थ्य स्वयम सेविका संख्या १ सय ७६ रहेको छ ।

## स्वास्थ्य बीमा

४.३ स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणाका साथ सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रमका रुपमा रहेको छ । यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच (Universal Health Coverage, UHC) प्राप्ती तर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ । सूर्योदय नगरपालिकामा स्वास्थ्य बीमामा सहभागी नागरिकहरूको संख्या गत आर्थिक वर्षमा १९ हजार ५ सय ७४ जना अथवा कुल जनसंख्याको ३० प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा २२ हजार ६ सय ५३ जना अथवा कुल जनसंख्याको ३५ प्रतिशत रहेको देखिन्छ ।

## खानेपानी

४.४ यस क्षेत्रमा सङ्घीय सरकारको सहयोगमा बृहत खानेपानी आयोजना कार्यान्वयनमा रहेको छ । खानेपानी आयोजनाको नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्दै लगिएको छ । खानेपानी आयोजनाको मर्मत सम्भार तथा व्यवस्थापनका लागि कर्मचारीको व्यवस्था तथा आवश्यक तालिम उपलब्ध गराइएको छ । खानेपानी आयोजनाको व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ताको अभ्यास थालनी भएको छ ।

४.५ औषतमा खानेपानी संकलनको लागि १५ मिनेटसम्म समय खर्चनु पर्ने देखिएको छ । नगरभित्र रहेको कुल घरधुरीको ८६ प्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी सुबिधा उपलब्ध रहेको छ । स्वच्छ खानेपानी उपलब्ध रहेको घरपरिवार संख्या ५२ प्रतिशत मात्र रहेको छ ।

४.६ आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार संख्या गत आर्थिक वर्षमा ८५.७ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ८६ प्रतिशत रहेको देखिन्छ । स्वच्छ खानेपानीमा पहुँच हुने घरपरिवार संख्या गत आ.व. मा ५० प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ५२ प्रतिशत पुगेको देखिन्छ । चालु आ.व. मा थप १ सय २२ नयाँ धारा जडान भएका छन् । श्री अन्तु क्षेत्रका करिव ७ सय घरपरिवारमा लिफ्टिङ प्रविधिको प्रयोग गरी खानेपानी सुबिधा उपलब्ध गराउन खानेपानी आयोजनाको निर्माण थालनी भएको छ । यसै अवधिमा खानेपानी सम्बन्धी कार्यविधी निर्माण गरिएको छ ।

## सरसफाई

४.७ सरसफाईको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको यस नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको छ ।  यस क्षेत्रमा कुल १० वटा सार्वजनिक शौचालयहरू रहेका छन् । कुल ९७ प्रतिशत घरधुरीमा शौचालय रहेकोमा ९१ प्रतिशत घरधुरीमा सेफ्टिट्याङ्क सहितको शौचालय रहेको छ ।

४.८ शौचालय भएका घरपरिवार संख्या गत आ.व. मा ९६.९ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ९७ प्रतिशत पुगेको देखिन्छ । व्यवस्थित वाटरशिल प्यान भएका शौचालय हुने घरपरिवार संख्या गत आ.व. मा ७३.१ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ७५ प्रतिशत पुगेको देखिन्छ ।

सार्वजनिक शौचालयको संख्या गत आ.व. मा १० रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा १० वटा नै रहेको छ ।

## युवा तथा खेलकुद

४.९ नगरपालिकाले युवाहरूका लागि स्वरोजगार बन्ने, उद्यमी बन्ने तथा बजारको मागअनुसारको जनशक्तिमा रूपान्तरणका कार्यक्रमहरू कार्यान्वयनलाई प्राथमिकता दिएको छ । नगरभित्र विभिन्न खेलमा रुचि भएका खेलाडीहरूको खेल क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ । सूर्योदय नगरपालिका गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकास तर्फ अग्रसर रहेको छ ।

४.१० नगर क्षेत्रमा १५ जना कराँते, ४ जना भलिवल, २ जना कबडी र ९ जना फुटवलका स्वयमसेवक प्रशिक्षकमार्फत प्रशिक्षण हुने गरेको । राष्ट्रिपति रनिङशिल्ड प्रतियोगिता, अन्तरमावि फुटवल तथा महिला भलिवल आयोजना हुने गरेको छ । खेलाडी सम्मानका कार्यक्रम नियमित हुने गरेका छन् । विगत ३ वर्षमा खेल क्षेत्रको विकासका लागि ५ वटा खेल मैदान स्तरउन्नति र १ वटा नव निर्माण भएको छ । यस क्षेत्रमा कराँतेको राष्टिय खेल आयोजना गरी सफलतापूर्वक सम्पन्न गरिएको छ । वडा नं. ८ मा अन्तराष्ट्रिय क्रिकेट मैदान विगत ४ वर्षदेखि निर्माणाधीन अवस्थामा रहेको छ ।

४.११ युवा स्वरोजगारी तथा सक्षमता विकासका लागि हरेक वर्ष चिया कटाइ र वेसिक कम्प्युटर हरेक वर्ष २८० जनालाई उपलब्ध गराइएकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा १ सय ४० जनालाई यस खालको तालिम उपलब्ध गराइएको छ । चालु आ.व. मा नै युवा लक्षित गरी ४० जनाका लागि लोक सेवा परीक्षा तयारी कक्षा सञ्चालनको क्रममा रहेको छ । युवा उद्यमी तयार गर्न रु. लाख ५ वर्षमा फिर्ता गर्ने गरी संस्थालाई सहयोगको थालनी गरिएको छ ।

४.१२ चालु आ.व. को चैत्र मसान्त सम्ममा युवा चेतनाका लागि होर्डिङ वोर्ड स्थापना गरिएको छ । मुख्य बजार क्षेत्र र नगरपालिका प्रवेश स्थलमा युवा परिषदमार्फत डस्ट विन राख्ने कार्य गरिएको छ । दुर्वेसन विरुद्ध युवा सचेतना सम्बन्धी सडक नाटक तयारी गरी विद्यालय र बजार क्षेत्रमा प्रदर्सनको तयारी गरिएको छ । हरेक महिना युवा परामर्श कार्यलाई निरन्तरता दिइएको छ ।

४.१३ प्रदेश/राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या गत आ.व. मा ५० रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ५८ पुगेको छ । खेल प्रशिक्षक संख्या गत आ.व. मा २५ रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ३० रहेको देखिन्छ । नगर क्षेत्रमा आयोजना हुने वार्षिक खेल संख्या गत आ.व. मा १३ रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ११ मात्र भएको देखिन्छ । खेल मैदानको कुल संख्या गत आ.व. मा २१ रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा २२ पुगेको छ । गत वर्ष कभर्ड हल संख्या १ र व्यायामशाला संख्या २ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा पनि समान संख्यामा रहेको छ । यस सम्बन्धी विवरणलाई तालिका नं. ४ (ख) प्रस्तुत गरिएको छ ।

**तालिका ४ (ख) : खेल क्षेत्रको अवस्था**

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| प्रदेश/राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या | संख्या | ५० | ५८ |
| खेल प्रशिक्षक | संख्या | २५ | ३० |
| नगरमा आयोजना हुने वार्षिक खेल संख्या | संख्या | १३ | ११ |

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| खेल मैदान संख्या | संख्या | २१ | २२ |
| कभर्ड हल संख्या | संख्या | १ | १ |
| व्यायामशाला संख्या | संख्या | २ | २ |

**महिला, बालबालिका र जेष्ठ नागरिक**

४.१४ समाजमा विद्यमान कुप्रथा र कुरितिको अन्त्य गर्दै हिंसामुक्त नगर निर्माणमा प्रयासहरू भइ रहेका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ । विपन्न एकल महिला, अपांगता भएका व्यक्ति तथा दलितका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिकामा महिलाको पाठेघरको मुखको क्यासर स्किनिङलाई नियमित गरिएको छ । नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिसकिएको छ । लक्षित वर्ग स्वास्थ्य बीमा, क्षमता विकास र स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेका छन् । हरेक वर्षको ८ मार्चमा सूर्योदय आमा (जेष्ठ आमा) घोषणा गर्ने गरिएको छ । हिंसा पिडित महिला कोषमा रु. २ लाख र विपद्मा रहेका बालबालिका कोषमा रु. २ लाख रहेको छ । निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको विपन्न लक्षित वर्गको घरपरिवारबाट २५ सय ५ जना लाभान्वित भएका छन् ।

४.१५ गत आ.व. मा जेष्ठ नागरिक स्वास्थ्य परिक्षण १ सय ८३ जनाको गरिएको थियो । प्रोस्टेट र महिलाका लागि क्यान्सर सम्बन्धी पेपिस्म्याच टेष्ट गत वर्ष गत आर्थिक वर्षमा १ सय १३ जनाले गरेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २ सय जनाले गराएको देखिन्छ । गत आ.व. मा अपांगता भएका ४८ जना व्यक्तिलाई सहायक सामाग्री वितरण गरिएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २६ लाई उपलब्ध गराइएको छ । अपाङ्ता भएका १ सय ८६ महिलालाई गत आ.व तथा चालु आ.व. मा निःशुल्क सेनेटरी प्याड उपलब्ध गराइएको छ । गत आ.व. मा कृतिम खुट्टा ११ जनालाई उपलब्ध गराइएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ३ जनालाई यस खालको सहयोग उपलब्ध गराइएको छ । गत वर्ष सम्म अपाङ्गमैत्री शौचालय ४ वटा निर्माण गरिएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा एक घरमा यस्तो शौचालय निर्माणमा सहयोग उपलब्ध गराइएको छ । चालु आ.व. मा यातायात व्यवसायीलाई मानव बेचविखन सम्बन्धी अभिमूखीकरण गरिएको छ ।

४.१६ गत वर्षमात्र शिक्षक अध्यापन अनुमति पत्र तयारी कक्षा ७८ जनालाई र शिक्षक तयार कक्षा ४३ लाई उपलब्ध गराइएको सोही संख्या मध्ये ३० जना चालु आ.व. मा स्थायी शिक्षक पदमा छनौट भएका छन् । गत वर्ष १६ जना सवारी चालक तालिम दिइएकोमा हाल सबै रोजगार बनेका छन् । गत आ.व. मा २५ जनालाई फूलखेती सम्बन्धी तालिम र नगत सहित व्युटिपार्लर तालिम ५ जनालाई दिइएकोमा सबै स्वरोजगार बनेको देखिन्छ ।

४.१७ चालु आ.व. को चैत्र मसान्त सम्ममा १८ जना अपाङ्गता भएका व्यक्तिलाई मौरी पालन, ९० जनालाई स्थानीय खाद्य परिकार तयारी, २० दलित युवालाई पलम्बर तालिम, २० जना दलित युवालाई इलेक्टिसियन तालिम, ६२ जनालाई उदघोषक तालिम र ४६ जना वडा सदस्य महिला तथा अन्य महिलालाई दिगो विकास लक्ष्य सम्बन्धमा अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिएको छ । महिला, जेष्ठ नागरिक र बालबालिका सम्बन्धी अन्य उपलब्धिको विवरण तालिका नं. ४ (ग) मा प्रस्तुत गरिएको छ ।

तालिका ४ (ग) : महिला, बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी विवरण

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| महिला घरमुली भएका परिवार संख्या | प्रतिशत | १९.०१ | २० |
| वार्षिक रुपमा जन्म दर्ता भएका बाल बालिका | संख्या | ८८५ | ८६५ |
| व्यावसायिक सीपमूलक तालिम लिने लक्षित वर्गको जनसंख्या | संख्या | २४० | १८८ |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएको विपन्न लक्षित वर्गको घरपरिवार | संख्या | ३३३ | ६४२ |
| निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा समेटिएका अपांगता भएका व्यक्ति | प्रतिशत | ६२ | २९९ |
| संस्थागत क्षमताविकास तालिम हासिल गरेका महिला | संख्या | १२० | १२० |
| अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण | संख्या | ८९ | ४१ |
| जेष्ठ नागरिक सहायक सामग्री वितरण | संख्या | ३ | ४ |
| बालमैत्री घोषणा भएका वडा | संख्या | २ | १४ |
| लक्षित वर्गका व्यक्ति उपर हुने हिंसाका घटना | संख्या | १७ | ० |
| महिला हिंसाका घटना | संख्या | १४ | ० |

## व्यक्तिगत घटना दर्ता

४.१८ राष्ट्रिय जनगणना २०७८ अनुसार जन्मदर्ता भएका बालबालिकाको संख्या ७३.२ प्रतिशत रहेको छ। गत आ.व. मा जन्म दर्ता भएका बाल बालिका संख्या ८ सय ८५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ८ सय ६५ मात्र रहेको छ। गत आ.व.मा भएका व्यक्तिगत घटना दर्ता संख्या २ हजार ३ सय ५२ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १ हजार ९ सय ४५ दर्ता भएका छन्। आ.व. २०७४/७५ देखिको व्यक्तिगत घटना दर्ताको विवरण अनुसूची ....मा प्रस्तुत गरिएको छ।

## सामाजिक सुरक्षा

४.१९ सामाजिक सुरक्षालाई प्रभावकारी गराउन अन्तर-सरकार साझेदारीमा कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। जन्म दर्तालाई सहज तुल्याउन जन्म दर्ता शिविर सञ्चालन गरिएको छ। असक्त जेष्ठ नागरिकलाई ह्विल चियर र टोइलेट चियर वितरण गरिएको छ। हाल सम्म कुल ७ सय ६० जनालाई अपाङ्ग परिचय पत्र र ४ हजार ६२ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ।

४.२० गत आ.व. मा सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या ६ हजार ५ सय ५ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ७ हजार ३ सय २ पुगेको छ। सामाजिक सुरक्षामा आवद्ध जनसंख्या गत आ.व. मा ११.८८ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १३.३४ पुगेको छ। सामाजिक सुरक्षा क्षेत्रको खर्च बजेट गत आ.व. मा रु. २७ करोड २५ लाख ७० हजार रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा रु. २२ करोड ९८ लाख ५६ हजार रहेको देखिन्छ।

## बालमैत्री स्थानीय शासन

४.२१ सूर्योदय नगरपालिकालाई बालमैत्री नगरका रुपमा घोषणा भइसकेको छ। गत आ.व. सम्ममा नगरपालिकाको वडा नं. ६, ७, ८, ९ र १० लाई बालमैत्री वडा घोषणा गरिसकिएकोमा चालु आ.व. मा बालमैत्री नगरपालिका घोषणा गरी बालमैत्री स्थानीय शासनलाई व्यावहारिक रुपमा कार्यान्वयन गरिएको छ।

## टोल विकास संस्थाको विवरण

४.२२ टोल विकास संस्थाले योजना छनौट, बृक्षारोपण, सरसफाई, सामाजिक कार्य, सूचना आदान प्रदान, वडाबाट हुने सिफारिसमा कठिनाइमा सहजीकरण र विपद् राहत तथा उद्दारमा सहयोग पुर्याउँदै आएको छ । गत आ.व. र चालु आ.व. को चैत्र मसान्त सम्म क्रियाशिल रहेका टोल विकास संस्थाको वडागत विवरण तालिका नं. ४ (घ) मा प्रस्तुत गरिएको छ ।

**तालिका ४ (घ) : टोल विकास संस्थाको विवरण**

| वडा नं. | टोल विकास संस्थाको संख्या | |
|---|---|---|
| | गत आ. व. मा | चालु आ.व. को चैत्र मसान्त सम्ममा |
| १ | २४ | २४ |
| २ | १७ | १७ |
| ३ | १५ | १६ |
| ४ | १७ | १७ |
| ५ | ११ | ११ |
| ६ | १८ | १८ |
| ७ | १६ | १६ |
| ८ | १७ | १७ |
| ९ | १३ | १३ |
| १० | २६ | २६ |
| ११ | १८ | १८ |
| १२ | २१ | २१ |
| १३ | ११ | ९ |
| १४ | ११ | ११ |
| **जम्मा** | २३५ | २३४ |

## शिक्षा

४.२३ सूर्योदय नगरपालिकामा रहेका कुल विद्यालय संख्या ९६ रहेको छ । जसमध्ये सामुदायिक विद्यालय संख्या ६५ रहेको छ भने संस्थागत विद्यालय संख्या ३१ रहेको छ । सामुदायिक विद्यालय अन्तरगत आधारभूत ( १-५) ४१ वटा, आधारभूत (१-८) ११ वटा, माध्यमिक (१-१०) ५ वटा र माध्यमिक (१ -१२) ८ रहेका छन् । संस्थागत विद्यालय तर्फ पूर्व प्राथमिक १ वटा, आधारभूत (१-५) ८ वटा, आधारभूत (१-८) ८ वटा, माध्यमिक (१-१०) १२ वटा र माध्यमिक (१-१२) २ वटा रहेका छन् । विद्यालयहरूमा अध्ययनरत विद्यार्थी संख्या कुल १११२ रहेकोमा छात्रा ५३४२ र छात्र ५७७० रहेका छन् । सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूको कुल संख्या ३९७ जना, बाल शिक्षक ६२, विद्यालय सहयोगी कर्मचारी संख्या ६४ र विद्यालय सहायक कर्मचारी १४ जना रहेको देखिन्छ । कार्यरत शिक्षकहरू मध्ये आधारभूत तह (१-५) २५२ जना, आधारभूत तह (६-८) ७२ जना, माध्यमिक तह (९-१०) ५२ जना र माध्यमिक तह (११-१२) २१ जना रहेका छन् । शैक्षिक क्षेत्रका समग्र सूचकहरूमा सुधार हुँदै गएको छ । शिक्षा क्षेत्रका सूचकहरूमा गत आ.व. र चालु आ.व.को चैत्र मसान्त सम्मको अवस्थालाई देहाएको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ (ङ) : विद्यालय शिक्षाको अवस्था**

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| साक्षरता दर | प्रतिशत | ९२ | ९२.३ |
| प्रारम्भिक वाल विकास केन्द्र/पूर्व प्रा वि भर्ना दर | प्रतिशत | ९७.१ | १०० |

| सूचक | एकाई | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| कक्षा १ को नव प्रवेशी मध्ये पूर्व प्राथमिक शिक्षा अनुभव प्रतिशत | प्रतिशत | ९८.२ | ९९ |
| खुद भर्ना दर आधारभूत तह | प्रतिशत | ९२ | ९२.२ |
| खुद भर्ना दर माध्यमिक तह | प्रतिशत | ७५ | ८० |
| टिकाउ दर - आधारभूत तह | प्रतिशत | ९२ | ९२.५ |
| टिकाउ दर - माध्यमिक तह | प्रतिशत | ७९ | ७९.६ |
| विद्यालय छाड्ने दर-आधारभूत तह | प्रतिशत | ७ | ५ |
| विद्यालय छाड्ने दर-माध्यमिक तह | प्रतिशत | २० | १२ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय संस्थागत | संख्या | ३२ | ३१ |
| वाल कक्षा सञ्चालन गर्ने विद्यालय सामुदायिक | संख्या | ६५ | ६६ |
| समुदायमा आधारित बाल विकास केन्द्र | संख्या | ५ | ५ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक- आधारभूत तह | प्रतिशत | ९८.१ | ९९ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक- माध्यमिक तह | प्रतिशत | ९७.३ | ९७.५ |
| कक्षा ८ को सिकाई उपलव्धी-समग्र | औषत | ५३ | ५३ |
| कक्षा ८ को सिकाई उपलव्धी-अंग्रेजी | औषत | ५७ | ५७ |
| कक्षा ८ को सिकाई उपलव्धी-गणित | औषत | ३८ | ३८ |
| कक्षा ८ को सिकाई उपलव्धी-विज्ञान | औषत | ६३ | ६३ |
| कक्षा ८ को सिकाई उपलव्धी-नेपाली | औषत | ५४ | ५४ |
| माध्यमिक तह (कक्षा ९-१२) औषत जिपिए | जि.पि.ए. | २.४ | २.४ |
| माध्यमिक शिक्षा परिक्षा औषत जिपिए | जि.पि.ए. | | |
| खानेपानी सरसफाई र स्वच्छता सुबिधा उपलब्ध भएको विद्यालय | प्रतिशत | ४५ | ४५ |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ३० | ३१ |
| शिक्षक विद्यार्थी अनुपात आधारभूत (१ देखि ५) सामुदायिक | अंक | १:८.५ | १:८.५ |
| शिक्षक विद्यार्थी अनुपात आधारभूत (१ देखि ८) सामुदायिक | अंक | १:११ | १:११ |
| शिक्षक विद्यार्थी अनुपात माध्यमिक (९ देखि १२) सामुदायिक | अंक | १:२६.६४ | १:२६.६४ |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | २१० | २१० |
| प्राविधिक वा व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या | प्रतिशत | १४३५ | १४३५ |

## समस्या र चुनौती

४.२४ सामाजिक क्षेत्रका चुनौतीहरूमा भौतिक पूर्वाधार व्यवस्थित र प्रयाप्त रुपमा निर्माण गर्नु, प्रर्याप्त जनशक्तिको व्यवस्था गर्नु, सबै नागरिकको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच कायम गर्नु, सभ्य तथा समावेशी समाजको निर्माण गर्नु, प्रतिस्प्रर्धी तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच कायम गर्नु मुलभुत चुनौतीहरू हुन ।

# ५. पूर्वाधार विकास

## सडक तथा यातायात

५.१ मेची राजमार्ग र रत्न कुमार बान्तवा राजमार्गको क्रमशः झापादेखि ताप्लेजुङ र झापादेखि भारतीय सीमा नाका पशुपति नगरसम्म पक्की सडक सञ्जाल यसै क्षेत्र भएर गएको छ। सडक तथा यातायातको क्षेत्रमा अन्तर-सरकार साझेदारी र सहकार्य रहेको छ। नगरपालिकाको १४ वटै वडामा यातायातको पहुँच पुग्नेगरी बाह्मासे सडक निर्माण भइ सकेको छ। नगर क्षेत्रभित्र रहेको कुल पक्की सडकको लम्बाई ५५.०१ कि.मी. रहेको छ। नगर क्षेत्रमा कुल १३ वटा झोलुङे पुल सञ्चालनमा रहेका छन्। संघीय राजधानी काठमाण्डौं, प्रदेश राजधानी विराटनगर, अन्य जिल्ला, मित्रराष्ट्र भारत र जिल्ला भित्रका अन्य गाउँ/नगरपालिकासम्मका लागि यातायात सुबिधा उपलब्ध रहेको छ। धरान, काठमाडौं, विर्तामोड र विराटनगर सम्मका लागि दैनिक रूपमा साना तथा ठूला सवारी साधनबाट यातायात सेवा उपलब्ध रहेको छ।

५.२ गत आ.व. मा सडक घनत्व २.४ प्रति वर्ग कि.मी. रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २.५ पुगेको छ। गत आ.व. मा कालोपत्रे सडक कुल ४९.७ कि.मी. रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ५५.०१ कि.मी. पुगेको छ। ग्राभेल सडक गत आ.व. मा कुल ११२.८७ कि.मी. रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १२२.८८ कि.मी. पुगेको छ। धुले सडक गत आ.व. मा कुल ३२३ कि.मी. रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ३३०.७ कि.मी. पुगेको छ। यस क्षेत्रमा ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या गत आ.व. मा ८५ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ८६ प्रतिशत रहेको छ। सडक तथा यातायात क्षेत्रको अवस्थालाई तालिका नं. ५ (क) मा प्रस्तुत गरिएको छ।

**तालिका ५ (क) : सडक तथा यातायातको अवस्था**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| सडक घनत्व (प्रति वर्गकिमि) | अंक | २.४ | २.५ |
| कालोपत्रे सडक | कि.मी. | ४९.७ | ५५.०१ |
| ग्राभेल सडक | कि.मी. | ११२.८७ | १२२.८८ |
| धुले सडक | कि.मी. | ३२३ | ३३०.७ |
| ३० मिनेटको दुरीमा यातायातमा पहुँच भएका जनसंख्या | प्रतिशत | ८५ | ८६ |
| झोलुङे पुल | संख्या | १३ | १३ |

## भवन, आवास तथा बस्ती विकास

५.३ भवन निर्माणमा मापदण्ड तथा आधुनिक प्रविधिको अभ्यास विस्तार हुँदै गएको छ। भू-वर्गिकरणको तयारी अन्तिम चरणमा पुगेको छ। व्यवस्थित बस्ती विकास को सुरुवात गरिएको छ। मापदण्डअनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवनहरूको कुल संख्या ७० प्रतिशत रहेको छ। सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको जनसंख्या ९ हजार ८ सय १४ रहेको छ। यस क्षेत्रमा सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार संख्या ४० प्रतिशत रहेको छ। भवन निर्माणमा स्थानीय सामग्रीको उपयोगको अभ्यास कम हुँदै गएको छ भने आधुनिक (सिमेन्ट तथा कंक्रिटबाट निर्मित) घर निर्माणको अभ्यास वृद्धि हुँदै गएको छ। तथापि, ग्रामीण क्षेत्रहरूमा ढुङ्गा-माटोका घर निर्माणको प्रचलन कायमै रहेको छ। हाल सम्ममा कुल ८२ वटा भवनको नक्सा पास भएको छ भने ६ सय भन्दा बढी फुसको छाना विस्थापन गरिएको छ।

चालु आ. व. को चैत्र मसान्त सम्ममा भू-उपयोग योजना तयारीको अन्तिम चरणमा पुगेकोछ भने सञ्चालन हुने बाटोको लगत कट्टाका लागि मन्जुरी लिने कार्य सम्पन्न भएको छ। यसै अवधिमा सुरक्षित नागरिक आवासकालागि ४ सय ५० जनासँग सम्झौता सम्पन्न भएको छ। भवन, आवास तथा बस्ती विकासको वर्तमान गत आ.व. र चालु आ.व. पहिलो दश महिनाको अवस्थालाई तालिका नं. ५ (ख) मा प्रस्तुत गरिएको छ।

**तालिका ५ (ख) : भवन, आवास तथा बस्ती विकासको अवस्था**

| सूचक | एकाइ | गत आ.व.सम्मको वास्तविक उपलब्धि | चालु आ.व.को चैत्र मसान्त सम्मको उपलब्धि |
|---|---|---|---|
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रविधिअनुसार बनेका आवासीय भवन | प्रतिशत | ७० | ७२ |
| अवैध जमिनमा बसोबास गर्ने जनसंख्या | संख्या | ९८१४ | ९८१४ |
| निजि आवास भएको जनसंख्या | प्रतिशत | ८६ | ८६ |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ७० | ७५ |
| मापदण्डअनुसार निर्माण भएका विद्यालय तथा सरकारी भवन | प्रतिशत | ७० | ७० |
| नक्सापास भएका घर | प्रतिशत | ०.५ | ०.५ |

## विद्युत तथा वैकल्पिक ऊर्जा

५.४ उर्जाको श्रोतका रूपमा दाउरा, विद्युत, एल.पि. ग्यास र सौर्य उर्जा नै प्रमुख रूपमा रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार विद्युत्मा पहुँच भएका जनसंख्या ९२ प्रतिशत र खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार संख्या ७१ प्रतिशत रहेको छ। हाल सम्म आइपुग्दा विद्युत्बाट चल्ने सवारी साधनको पनि अभ्यास सुरु भएको छ। सौर्य ऊर्जाको उपयोग निजी प्रयोजन, सडक बत्ती तथा मठमन्दिरहरूमा हुने गरेको छ। गत वर्ष नविकरीण उर्जाका कार्यक्रममार्फत १५४ वटा इन्डक्सन चुल्हो वितरण गरेको छ। चालु आ.व. मा लागत साझेदारीमा इन्डक्सन चुल्हो वितरण गर्ने कार्यक्रम रहेको छ। नगर क्षेत्रमा ४० वटा गोवर ग्याँस प्लान्ट सञ्चालनमा रहेका छन्। नगरपालिकाको तर्फबाट विद्युत सेवाको विस्तारका लागि गत आ.व. मा २३ वटा विद्युत पोल समेत हस्तान्तरण गरिएको थियो।

५.५ गत आ.व. मा विद्युत्मा पहुँच भएका जनसंख्या ९२ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ९७ प्रतिशत पुगेको छ। गत आ.व. मा खाना पकाउन प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने घरपरिवार संख्या ७१ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ६९ प्रतिशत रहेको छ। सडक वत्तीको संख्या गत आ.व. र चालु आ.व. ७२ र विद्युत्बाट चल्ने सवारी साधन संख्या १ रहेको छ।

## सूचना तथा सञ्चार प्रविधि

५.६ यस क्षेत्रमा सञ्चारका साधनहरूमा हुलाक, टेलिफोन, टेलिभिजन, रेडियो, मोवाइल फोन र इन्टरनेट रहेका छन्। पछिल्ला दिनहरूमा मोवाइल फोन, टेलिभिजन र इन्टरनेटको उपयोग व्यापक हुँदै गएको छ। मोवाइल तथा इन्टरनेट सुबिधामा नेपाल दूरसञ्चार कम्पनीका साथै एनसेलका टेलिफोन तथा मोबाइल सेवाका माध्यमबाट पनि सहज पहुँच कायम भएको छ। नगरपालिकाको सबै घरपरिवारमा मोवाइल सेबा उपलब्ध भइसेकेको छ।

५.७ गत आ.व. मा इन्टरनेट सेवा उपलब्ध घरपरिवार संख्या ७५ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ८३ पुगेको छ। नगर कार्यपालिका कार्यालयमा सञ्चालित सफ्टवेयर र सूचना व्यवस्थापन प्रणाली

संख्या गत आ.व. मा ७ रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ११ पुगेको छ । इन्टरनेट सुबिधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयको संख्या गत आ.व. मा ७९ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा सत प्रतिशत पुगेको छ ।

## समस्या र चुनौती

५.८ पूर्वाधारको विकास क्षेत्रमा श्रोतको सिमितता हुनु र भुक्षय जोखिम उच्च रहनु, विकट, छरिएको तथा अव्यवस्थित बस्ती हुनु मुख्य चुनौतीका रुपमा रहेका छन् । अन्य चुनौतीहरूमा उपभोक्ता समितिबाट सञ्चालित आयोजनामा हेभि मेसिनको प्रयोग हुनु, आयोजनाहरूको फरफारक समयमा नहुनु, भूमिहिन तथा सुकुम्बासी समस्या गर्नु र विद्युत, मोवाइल तथा इन्टरनेटको गुणस्तरीय सुबिधामा पहुँच कायम गर्नु रहेका छन् ।

# ६. वातावरण तथा विपद् व्यवस्थापन

## वातावरण तथा फोहोरमैला व्यवस्थापन

६.१ नगर क्षेत्रमा फोहोर व्यवस्थापनका लागि संस्थागत एवम् समुदायस्तरबाट सकारात्मक अभ्यासहरू भएका छन् । हाल यस क्षेत्रमा घरबाट निस्कने फोहोरमैला संकलन गरी वडा नं. १२ को मलिममा व्यवस्थापन गर्ने गरिएको छ । यस प्रयोजनका लागि २ वटा गाडी सहित १० जना कर्मचारी दैनिक रूपमा परिचालित हुने गरेका छन् । यस खालको सुबिधा बजार क्षेत्रका करिब ९ सय ४३ घरधुरीले प्राप्त गरेका छन् भने अन्य स्थानमा घरमै फोहोरमैला व्यवस्थापनको अभ्यास रहेको छ । स्वास्थ्य संस्थाबाट निस्कने फोहोरलाई छुट्टै संकलन गरी व्यवस्थापन गर्ने अभ्यास रहेको छ । फोहोरमैला व्यवस्थापन सम्बन्धी ऐन कानूनको निर्माण गरी कार्यान्वयनमा रहेको छ । सार्वजनिक स्थलमा मागका आधारमा १०० भन्दा बढी डस्टविन व्यवस्था गरिएको छ ।

६.२ चालु आ.व. को चैत्र मसान्त सम्ममा जनचेतनामूलक कार्यक्रम सञ्चालन भएको छ । फोहोरमैला व्यवस्थापनलाई निरन्तर र नियमित तुल्याइएको छ । वडा नं ९ मा रहेको व्यक्तिगत जग्गालाई फोहोरमैला व्यवस्थापनका लागि उपयुत्त ठहराई खरिद प्रकृया अगाडि बढेको छ । गत आ.व. मा व्यवस्थित ल्यान्डफिल्ड नरहेकोमा चालु आ.व. मा एउटा ल्याण्डफिल्ड साइट सञ्चालनमा ल्याइएको छ । फोहोरमैला संकलन सवारी साधन संख्या गत आ.व. र चालु आ.व. को चैत्र मसान्त सम्ममा ३ नै रहेको छ । चालु आ.व. मा वातावरणमैत्री स्थानीय शासन आगामी २ वर्षभित्र घोषणा गर्नेगरी तयारी गरिएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा वातावरण संरक्षण उपक्षेत्रमा गत आ.व. मा ४२.८९ अंक हासिल भएकोमा चालु आ.व. मा सुधार भइ ८३.३३ अंक हासिल गरेको छ ।

## वातावरणमैत्री स्थानीय शासन

